'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

बुलेटिन ३, वर्ष १

# अर्हत

वि.सं. २०६८ फागुन २४ | ने.सं. ११३२ चिलाथ्व होली पूर्णिमा

याथौ बहार स्थित याथौ गणेश मन्दिर तथा बौद्धस्तुप भ.न.पा. ४

# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)

म बुद्धको शरणमा जान्छु,

म धर्मको शरणमा जान्छु,

म संघको शरणमा जान्छु

दोस्रोपल्ट पनि म बुद्धको शरणमा जान्छु,

दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,

दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु

तेस्रोपल्ट पनि म बुद्धको शरणमा जान्छु,

तेस्रो पनि म धर्मको शरणमा जान्छु,

तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।

म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।

म कामरागको विषयमा नराम्रो आचरण गर्ने छैन । यो शील राम्ररी पालन गर्नेछु ।

म झूठ कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।

म बेहोसको कारण हुने रक्सी, जाँड, आदि लागुपदार्थ सबै छोड्ने शील राम्ररी पालन गर्छु ।

*श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजी पात्रबाट साभार*

# अर्हत

वर्ष १ | बुलेटिन ३ | २०६८ फागुन पूर्णिमा

सम्पादन/प्रकाशन
बौद्ध दर्शन अध्ययन समाज
भक्तपुर

विशेष सहयोगी
गोपीकृष्ण प्रजापति

कम्प्युटर
सिद्धि डिजाइन
फोन – ६६१९१०७

मुद्रण
सिद्धिगणेश अफसेट प्रेस इनाचो
भक्तपुर
फोन – ६६१४७९३

सहयोग रु. २०।–


अर्हतलाई बौद्ध साहित्यहरु दिई सहयोग गरिदिनु हुन पाठक वर्गहरुमा अनुरोध गर्दछ ।

**बौद दर्शन अध्ययन समाज**

# प्रकाशकीय

पृथ्वीमा जीवहरू जन्मन्छन्, समय पुगेपछि मृत्यु हुन्छन् । यो सास्वत सत्य हो । यसलाई कसैले नकार्न सक्दैन । सृष्टि र अन्त भौतिकवादी नियम हो । जसको अन्त हुन्छ त्यो पुन: सृष्टि हुँदैन । महामानव गौतम बुद्धले पनि पुनर्जन्ममा विश्वास गरेको छैन ।

संसारमा कुनै पनि वस्तु नित्य छैन । सारा सृष्टिहरू अनित्य छन् ।

जीवहरूमा मानिस सर्वश्रेष्ठ प्राणी मानिन्छ । मानिसको जन्म र मृत्युभित्रको अवधि जीवन हो । आफ्नो जीवनमा गरेको राम्रो काम र राम्रो विचारमात्र नित्य रहन्छ ।

आध्यात्मवादीहरू भन्ने गर्छन् – मृत्युपछि बाँकी रहने कुरा पाप र धर्ममात्र हो । वास्तवमा तिनीहरूको कुरा साँचो हो । देश र जनताको हितविपरीत गरिने काम 'पाप' हो भने जनताको हितमा क्रियाकलाप गर्नु 'धर्म' हो ।

महामानव बुद्धले विश्वका मानिसहरूको लागि राम्रो विचार लिएको हुँदा आजसम्म बुद्धको विचार जीवित छ । यो अनन्तकालसम्म जिइरहनेछ र यो नित्य छ ।

बुद्धले भन्नुभएको थियो – 'हिंसा नगर्नू ।' हिंसाको अर्थ प्राणी हिंसामात्र होइन । अर्काको चित्त दुखाउनु पनि हिंसा हो । मान्छेको चित्त त्यसबेला दुख्छ जब आफूमाथि अरुले दु:ख दिन थाल्छ । आफूले गरेको श्रमको शोषण अरुले गर्छ । कसैको पनि चित्त दुख्ने काम नगरी आफ्नो व्यवहार सुधार्न सके देश र समाजमा के शान्ति स्थापना हुँदैन र ?

अस्तु

# विष्णुको अवतार, ब्राह्मण, हात्ती र पञ्चशील

• गोपाल विरही

पोखराका तिलकमान गुभाजूले लेखेको 'अनागारिका धर्मशीला र उहाँका कार्यहरु' पुस्तक पढिरहँदा धेरै ठाउँमा म रोएँ । त्यसैको एउटा प्रेरणादायी अंश बुद्धभूमिका नागरिकहरुका लागि उपयोगी होला भनेर केही छाँटकाँटबाहेक जस्ताका तस्तै साभार गरेको छु ।

'धर्मशीला गुरुमा (भिक्षुणी/अनागरिका) सँग बौद्ध-दर्शनका किताब लिंदै केही वर्षदेखि अध्ययन गरिआउनुभएका तथा उहाँसँगसँगै बौद्ध-दर्शनसम्बन्धी शिक्षा सिक्नुभएका कास्की जिल्लाअन्तर्गत घाचोक निवासी जयलाल लम्साल बौद्ध गतिविधि देखेर ज्यादै प्रभावित भई उहाँले आफू प्रव्रजित (भिक्षु) हुने निर्णय गर्नुभयो । एउटा ब्राह्मण कुलमा जन्मेका बयोवृद्ध समाजसेवी एवं राजनीति कार्यकर्ता जयलाल लम्साल कुशीनगरमा गएर ०३५ सालमा ७५ वर्षको उमेरमा प्रव्रजित हुनुभयो । प्रव्रज्यापश्चात् उहाँ सुभद्र नामले परिचित हुनुहुन्छ । ०३९ सालमा उहाँले गुरुमाकै दायकत्वमा काठमाडौंमा उप-सम्पदा (पूर्ण भिक्षुत्व) प्राप्त गर्नुभएको थियो ।

जयलाल लम्साल कसरी बौद्ध भिक्षु हुनुभयो भन्ने कुरा एउटा रोचक विषय हो । उहाँ एउटा प्रतिष्ठित परिवारमा जन्मनुभएकाले समाजमा उहाँको मान र मर्यादा थियो । इज्जत र प्रतिष्ठा थियो र समाजमा हाँक र ढाँक थियो । सम्पत्ति र वैभवको कुनै कमी थिएन । उहाँको भौतिक इच्छा र चाहना पूरा हुन त्यति कठिन थिएन । तर, पनि उहाँ सादा जीवनयापन गर्न चाहनुहुन्थ्यो । उहाँको उद्देश्य ठूलो थियो । विशाल थियो । देश आत्मनिर्भर हुनुपर्छ भनेर उहाँले २००७ सालदेखि नै आफ्नै गाउँमा बनेको खस्रो घरबुनाको लुगा लगाउने गर्नुभयो । उहाँको त्यो पहिरन भिक्षु नभएसम्म कायम थियो । उहाँले जे कुराको पनि आफै उदाहरण बनेर देखाउने गर्नुहुन्छ । यो उहाँको बानी हो, स्वभाव हो ।

पछि उहाँले धर्मशीला गुरुमाबाट १/२ वटा बौद्ध-दर्शनसम्बन्धी किताब लगेर हेर्नुभयो । उहाँले हिन्दू र बौद्ध-दर्शनको सिद्धान्त र व्यवहारको तुलनात्मक अध्ययन गर्नुभयो । विहारमा उहाँको आवत-जावत बढ्न लाग्यो । केही ब्राह्मण बुद्धलाई विष्णुको नवौं अवतार भन्छन् तर कहिल्यै विहारमा गएर बुद्धोपदेश श्रवण गर्ने, पञ्चशील ग्रहण गर्ने गर्दैनन् । उनीहरु बौद्ध-दर्शनलाई हिन्दू धर्मको शाखा भनेर प्रचार गर्न मन पराउँछन् तर उनीहरुले कहिल्यै एउटा बोटले आफ्नो शाखालाई दिनेजस्तो टेवा ( सहयोग) बौद्ध-अभ्यासलाई दिएको उहाँले देख्नुभएन । त्यसको विपरीत, आफू बौद्ध विहारमा गएकोलाई पनि आपत्ति जनाएझैं गरी असन्तुष्टि प्रकट गर्दछन् । उहाँलाई यो आश्चर्य लाग्छ । आश्चर्य नलागोस् पनि किन ? उहाँलाई पो बुद्ध विष्णुको नवौं अवतार भन्नेमात्र थाहा छ । विद्वानहरुले त 'हस्तिना ताड्ये मानोपि नगच्छेत बौद्ध मन्दिरम्' अर्थात् हात्तीले कुल्चे पनि बुद्ध मन्दिरमा नआऊ भनेर आदेश भएको पनि त थाहा पाएका छन् । शास्त्र पनि कति जटिल ! कति जेलिएको ! एकातिर बुद्धलाई विष्णुको अवतार भन्ने अर्कोतिर हात्तीले कुल्चे पनि बुद्ध मन्दिरमा नजाऊ भनेर आदेश दिने ! कसलाई

मान्ने ? कसलाई नमान्ने ? कुन सत्य ? कुन असत्य ? कस्तो रनभुल्लमा पार्ने कुरा ? तैपनि ब्राह्मणलाई थाहा छ, आदेश भनेको आदेश हो । त्यो आदेश शिरोधार्य गरेर ब्राह्मणहरु बुद्ध विहारमा त्यसरी नआउने गरेका हुन् कि ? त्यो जे भए पनि जयलाल लम्सालले त्यो 'रहस्य' को कुरा बुझ्न सक्नुभएन । त्यो कुरा बुझ्न उहाँले अरु अध्ययन गर्नुभयो । उहाँले जति अध्ययन गर्दै जानुभयो, उति बौद्ध-दर्शनप्रति आकर्षित हुँदै जानुभयो । धम्मपदमा पालि भाषामा लेखिएको छ, 'न जच्चा वसलो होति, न जच्चा होति ब्राह्मण, कम्मना वसलो होति, कम्मना होति ब्राह्मण' अर्थात् जन्मले होइन, कर्मले ब्राह्मण र चण्डाल हुन्छ । यो बुद्ध-वाक्यले उहाँको हृदयलाई छोयो । उहाँमा एक किसिमको संवेग उत्पन्न भयो र एक दिन उहाँले आफूले वर्षौंदेखि लगाउँदै आएको जनैको कुनै औचित्य नभएको महसुस गरी ७२ वर्षको उमेरमा जनै लगाउन नै छोड्नुभयो । उहाँको त्यो व्यवहारले ब्राह्मण समाजमा खैलाबैला मच्चियो । स्थानीय चेतनशील बुद्धिजीवी समूहलाई विचार विमर्शका लागि नयाँ खुराक प्राप्त भएको अनुभूति भयो । त्यसबेला त्यो घटना सनसनीपूर्ण समाचार बनेर फैलिएको कुरा आजभोलि पनि कहीं कतै चर्चा परिचर्चा गरिएको सुनिन्छ ।

बौद्ध-दर्शनतिर अग्रसर हुने उहाँको त्यो एउटा ठूलो साहसिक पाइला हो । किनभने कतिपय बुद्धिजीवी विद्वानहरु छन् जो गौतम बुद्धलाई महामानव भनी स्वीकार्दछन् र बौद्ध-दर्शनलाई शान्तिवादी, वैज्ञानिक किसिमको दर्शन भनेर पनि व्याख्या गर्दछन् तर बुद्धको पञ्चशील ग्रहण गर्न हिच्किचाउँछन्, बुद्धको शाश्वत सन्देशलाई समेट्ने साहस जुटाउन सक्दैनन् । यो एक किसिमको मानवीय कमजोरी हो । प्राय: मानिस युवावस्थामा क्रान्तिकारी विचारका हुन्छन् । उनीहरु परिवर्तन चाहन्छन् र खुब सुधार गर्न खोज्छन् । साहसिक व्यक्तिहरुले कहिले गरेर देखाउँछन् पनि तर जब बुढेसकाल लाग्छ तब उनीहरुको क्रान्तिकारी भावना सेलाउँदै जान्छ । परिवर्तनको चाहना त्यसै अधुरो रहन्छ र सुधारको नाममा ठोस काम कुरा गर्न नसकी जीवन त्यसै बर्बाद भएर जान्छ । त्याग र तपस्या हराउँछन् । इतिहास मेटिन्छ । यो कालचक्रको साधारण नियम हो । यो परिस्थितिको दास हुनेहरुका लागि लागू हुने शाश्वत् धर्म हो । तर, जयलाल लम्सालले ७५ वर्षको वृद्ध उमेरमा पनि युवा जोश कायम राखी परिवर्तन चाहनुभयो । पारिवारिक घुर्की अवरोधलाई अस्थायी सम्झेर, सामाजिक बहिष्कारको कुरालाई अनर्गल प्रलाप मात्र ठानेर, परम्पराको बन्धनलाई तोड्नुभयो । परिस्थितिको दासताबाट आफूलाई मुक्त पार्नुभयो, विवेकको आवाजलाई पूरा गरिदिनुभयो र शाश्वत सत्य कुरा अँगाल्ने साहस गर्नुभयो र बौद्ध सङ्घमा उहाँ प्रव्रजित हुनुभयो । बौद्ध भिक्षु हुनुभयो ।

भिक्षु सुभद्र अहिले (२०६५) ८६ वर्षको हुनुहुन्छ । नम्र बोली, शीलयुक्त स्वभाव र सादा जीवनयापन गर्न रुचाउने उहाँलाई झट्ट हेर्दा उहाँको जीवन-दर्शन कस्तो छ भनेर अड्कल गर्न सकिदैन । उहाँमा देखावटी प्रवृत्ति छैन, लामो-लामो कुरा गरेर आफ्नो विचार प्रकट गर्ने स्वभाव छैन र ठूलठूलो स्वरले बोलेर प्रचार गर्ने बानी पनि छैन । उहाँ आफ्नो काम आफ्नै किसिमले खुरुखुरु गर्नुहुन्छ, अथक परिश्रमले । उहाँमा जोश छ, जाँगर छ र अदम्य साहस छ । त्यो जोश र जाँगर देखेर उहाँको निकटतम सहयोगी पं. मुक्तिनाथ तिमिल्सनाले उहाँलाई ८५ वर्षको 'युवा' भन्नुभएको थियो । हुन पनि उहाँमा युवोचित गुणहरु पर्याप्त छन् । उहाँ युवासरह दौडधुप गर्न सक्नुहुन्छ र युवाजस्तै क्रान्तिकारी विचार लिनुहुन्छ ।

भिक्षु सुभद्रले माछापुच्छ्रे हिमालको काखमा रहेको आफ्नो गाउँमा माछापुच्छ्रे विहारको स्थापना गर्नुभएको छ । त्यहाँ त्यो विहार स्थापना भएपछि बुद्धप्रति

श्रद्धावानहरुको अभिवृद्धि भएको मात्र होइन, विहारका माध्यमबाट समाजसेवाका कामहरु पनि भएका छन् । त्यसलाई अरु विस्तृत र व्यापक पार्न सकिन्छ । संक्षिप्तमा भनौं भने माछापुच्छ्रे बुद्ध विहारलाई केन्द्रविन्दु मानेर त्यसको माध्यमबाट त्यहाँ धेरै जनोपयोगी कार्यक्रम लागू गर्नसकिन्छ । तर, त्यस्ता कार्यक्रम माथिबाट लाद्नुभन्दा स्थानीय नागरिककै सक्रियतामा हुनु धेरै राम्रो हुन्छ । त्यो भएमा सम्बन्धित पक्षबाट सहयोग र सहायताको अपेक्षा पनि गर्न सकिन्छ र त्यसो भएमा त्यो बुद्ध विहार घाचोकको लागि सामाजिक दृष्टिले पनि वरदान सावित हुनसक्छ ।

तिलकमान गुभाजूले उहाँकै शब्दाधिक्यसहित तयार पारिएको यो लेख पढिरहनुभएको छ भने म उहाँलाई साधुकार भन्न चाहन्छु । उहाँको आलेखले गम्भीर प्रश्नहरु गरेको छ । गर्ने के त ? विपश्यना ठूलो सहयोगी हुनसक्छ । विपश्यनाचार्य सत्यनारायण गोयन्काका शब्दमा 'स्वयंलाई स्वयंद्वारा हेर्ने कला नै विपश्यना हो ।' मनहर जे शाह भन्छन्, 'म यस ध्यान-पद्धतिलाई विशेषत: जापानका आधुनिक व्यवसायी वर्गको लागि (जसलाई जीवनमा तनावको अधिक सामना गर्नुपर्दछ) अनुमोदन गर्दछु । विपश्यनाले हामीलाई तनाव र बोझरहित जीवन जिउने, सुगमतापूर्वक प्रयत्न गर्ने र प्रसन्नतापूर्वक काम गर्ने कला सिकाउँछ ।' एउटा भ्रान्ति के छ भने बुद्ध स्वयं गृहत्यागी भएकाले उहाँका शिष्य केवल गृहत्यागी भिक्षुहरु मात्रै थिए, अत: उहाँका शिक्षा केवल गृहत्यागी भिक्षुहरुका लागि हो, गृहस्थहरुका लागि होइन । वास्तविकता के हो भने गृहत्यागी भिक्षु र भिक्षुणीहरुका तुलनामा बुद्धका गृही-शिष्यहरुको सङ्ख्या कैयन् धेरै थियो । मगध-नरेश बिम्बिसार, कोसल-नरेश प्रसेनजित, महारानी मल्लिका, महारानी खेमा, अभय राजकुमार, बोधि-राजकुमार, सेनापति बन्धुल, सेनापति सिंह, राजमहिषी श्यामावती, दासी खुज्जुत्तरा, राजपुरोहित-पुत्र कात्यायन, राजवैद्य जीवक, दानवीर साहु अनाथपिण्डिक, भिखारी कोढी सुप्पबुद्ध, जटिल काश्यप बन्धु, परिब्राजक दारुचीरिय, सद्गृहिणी विसाखा, नगरबधू अम्बपाली, ब्राह्मण महाकाश्यप हुन्, स्विपर सुनीत, ब्राह्मण सारिपुत्र, चण्डापुल सोपाक, सदाचारी सिलवा, हत्यारा अंगुलिमाल आदि जो-जसले विपश्यना साधनाको अभ्यास गऱ्यो, ऊ बदलियो ।

केही मानिसमा बुद्धका बारेमा 'उहाँले जन्म-मरणको संसारचक्रबाट अनासक्त/मुक्त हुने उपदेश दिनुहुन्थ्यो, त्यसैले व्यक्तिगत, पारिवारिक, राजनीतिक र सामाजिक विषयमा उहाँ अन्यमनस्क र विचारविहीन हुनुहुन्थ्यो' भन्ने भ्रम छ । बुद्धले गृहस्थ जीवनका हरेक पक्षमाथि उपदेश गर्नुभएको छ । माता-पिता र सन्तान, पत्नी र पति, मालिक र नोकर, गुरु र शिष्य, मित्र, शासक र नागरिकहरुका पारस्परिकसम्बन्धका बारेमा दिइएका उहाँका उपदेश आज पनि उत्तिकै प्रासङ्गिक, उत्तिकै उपादेय र समसामयिक छन् । स्वदेशको समुचित सुरक्षाका लागि लिच्छवी प्रजातन्त्रवादीहरुलाई दिइएको उहाँको उपदेश आजका कुनै पनि लोकतान्त्रिक सरकारका लागि आदर्श रुपमा अपनाउन/प्रयोग गर्न सकिने गरी योग्य छन् । यसैगरी अन्य शासकका लागि पनि उहाँका शिक्षा अनमोल हुनसक्छन् र छन् । 'राजा रक्खतु धम्मेन, अत्तनो व पजं पजं' अर्थात् 'शासकले आफ्ना नागरिकहरुको रक्षा त्यसरी नै गर्नुपर्दछ, जसरी उसले आफ्ना सन्तानहरुको रक्षा गर्दछ ।' उहाँका शिक्षाहरुको यही परम्पराबाट प्रभावित भएर सम्राट अशोकले जुन कल्याणकारी शासन व्यवस्थाको आदर्श उपस्थित गरे, त्यो समस्त मानव इतिहासमा अनौठो, अनुपम, अद्वितीय र अनुकरणीय छ ।

बुद्धका उपदेश जम्बुद्वीपमा मात्रै होइन, अपितु समग्र विश्वको प्रशासकीय इतिहासको जाज्वल्यमान प्रकाश-स्तम्भ हुन् । केसमुत्तका कालामहरुलाई दिइएको उहाँको प्रसिद्ध उपदेश मानव-जातिका लागि विचार-स्वातन्त्र्यको पहिलो प्रभावशाली घोषणापत्र हो । जुन

व्यक्तिको सदुपदेशहरुका कारण नेपाल विश्व-प्रसिद्ध भयो, उसका वाणीहरुबारे पूर्वाग्रहरहित भएर अध्ययन, मनन् र चिन्तन गरिनु देशका लागि कल्याणकारी मात्रै होइन, गौरवपूर्ण पनि हुनेछ ।

अन्त्यमा फेरि गुभाजूजीसँगै म पनि सोध्न चाहन्छु, एकातिर बुद्धलाई 'विष्णुको अवतार' भन्ने अर्कातिर हात्तीले कुल्चे पनि बुद्ध विहारमा नजाऊ भनेर 'आदेश' दिने, किन ? केही ब्राह्मणहरु बौद्ध-दर्शनलाई 'हिन्दू धर्मको शाखा' भनी प्रचार गर्न मन पराउँछन् तर उनीहरुले कहिल्यै एउटा बोटले आफ्नो हाँगालाई दिनेजस्तो टेवा बौद्ध-सङ्घलाई दिएको देखिन्न, किन ? उनीहरु बुद्धलाई 'विष्णुको नवौं अवतार' भन्छन् तर कहिल्यै विहारमा गएर बुद्धोपदेश श्रवण गर्ने र पञ्चशील ग्रहण गर्ने गर्दैनन्, किन ?

*साभार - नयाँ पत्रिका २ पुस २०६८*

## अन्तरक्रिया

२०६८ साउन २० गते श्री नारायणमान बिजुक्छेंको प्रमुख आतिथ्यमा बौद्ध दर्शन अध्ययन समाजबाट प्रकाशित अर्हत पहिलो अङ्कको विषयमा अन्तरक्रिया कार्यक्रम भएको थियो । उक्त कार्यक्रममा बौद्ध युवा संघका धर्मसुन्दर शाक्य, रत्नसुन्दर शाक्य विभिन्न विद्यालयका प्राचार्यहरु, नेपालभाषा साहित्य त:मुंज्याका सदस्यहरुले कार्यक्रममा भाग लिनुभएको थियो ।

**दुश्शील र दुराचार भएर एकसय वर्ष बाँच्नुभन्दा सदाचार र भलादमी बनेर एकदिन बाँच्नु श्रेष्ठ छ ।**

*गौतम बुद्ध*


बौद्ध दर्शन अध्ययन समाजद्वारा प्रकाशित 'अर्हत' साहित्यिक पत्रिकाको निरन्तर प्रकाशनको निमित

**हार्दिक शुभकामना**

व्यक्त गर्दछ ।

**बासु उच्च मा.वि./कलेज**

कालीघाट ब्यासी, भक्तपुर १०

फोन : ६६१५२५७, ६६२०३००, ६६१०६४८



बौद्ध दर्शन अध्ययन समाजद्वारा प्रकाशित 'अर्हत' साहित्यिक पत्रिकाको निरन्तर प्रकाशनको निमित

**हार्दिक शुभकामना**

व्यक्त गर्दछ ।

**भक्तपुर ट्रक व्यवसायी संघ**

जगाती, भक्तपुर

फोन : ६६१२९७०

# ख्वप देशय् बौद्ध धर्म

**नेपालमण्डलय् बौद्ध धर्मया प्रवेश**

सिद्धार्थ गौतमया जन्म ५६३ इसापूर्वपाखे नेपालमण्डलया दक्षिण-पश्चिमपाखे अवस्थित कपिलवस्तुया शाक्य राजकुमाकथं लुम्बिन क्यबय् जुगु खः । दुःखं मुक्त जुये फैगु लँपु लुइकेगु हेतु २९ दँया उमेरय् वसपोलं गृह त्याग याना:बिज्यागु जुल । ३५ दँया उमेरय् वसपोलं दुखं मुक्त जुये फैगु निर्वाण मार्ग थुइका: बिज्यात । दुःखं मुक्त जुइफैगु थुजागु ज्ञानयात वसपोलं संघात्मक शैली प्रचार प्रसार याना: बिज्यात । विश्वं वसपोलं देशना याना:बिज्यागु ज्ञानयात धर्म भा:पिना ग्रहण याना:काल । कालान्तरय् बुद्धं प्रतिपाद याना:बिज्यागु ज्ञान बौद्धधर्म कथं प्रसिद्ध जुल । नेपालमण्डलय् वसपोलयागु जीवनकालय् हे बौद्धधर्मया प्रचारप्रसार ज्वी धुंकुगु खँ मूलसर्वास्तिवाद विनयसूत्रय् उल्लेख जुयाच्वंगु दु । *(भुवनलाल प्रधान, नेपालमा बौद्ध धर्म (काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४५) पृष्ठ ३० ।)* बुद्धधर्म प्रचारयायेगु आज्जु ज्वना: ऊनया व्यापारीत नापं छ पुचः भिक्षुपिं थन थ्यंक वःगु उकी उल्लेख जुयाच्वंगु दु ।

अथेहे बुद्धया जीवनकालया अन्तिम इलय् कपिलवस्तुया शाक्यतय् मध्ये छगू समूह कोशल जुजु विडुडभं यागु आक्रमणपाखें बचे जुइतः व्यापारीत नापं हे नेपालमण्डल दुहाँ वःगु जुल । मूलसर्वास्तिवाद विनयसूत्रय् उपिं शाक्य तयगु हालखबर न्यनेकने यायेत आनन्द भिक्षु बुद्धयागु बचनकथं नेपालमण्डलया भ्रमणयाना: लिहाँ बिज्याबलय् वसपोलयाल्हा:, तुति च्वापुं नःगु घटनावर्णन जुयाच्वंगु दु *(भद्ररत्न बज्राचार्य, 'बुद्धधर्म र लिच्छविकालीन समाज : एक अध्ययन', लोटस रिसर्च सेन्टरद्वारा २०५५ सालमा सञ्चालित नेपालमण्डलको बौद्ध संस्कृति सम्मेलनय् प्रस्तुत कार्यपत्र) । उपस्थित भिक्षुगणपिंसं बुद्धयाथाय् वना: आनन्दयात जुगु फुक्क खँ बिन्ति यागु जुल । उकिं चिकुगु लागा वा हिमाली लागाय् च्वनीपिं* भिक्षु पिंसं लाकां न्ह्याये ज्यू धैगु विनय बुद्धं दयेका बिज्यात धकाः नं उगु सुत्रय् उल्लेख जुयाच्वंगु दु । थुकीं ईलय्-व्यलय् थाय्बाय् स्वयाः भगवान बुद्धं विनययात संशोधन याये ज्यूगु खँ संघयात उजँ दयेका बिज्यागु स्पष्ट जुगु दु ।

बुद्धया जीवनकालय् हे बौद्धधर्म प्रचार जुगु खने दुसा, किरातकाल स्वयाः न्ह्यो नेपालमण्डलया गुगु नं थासय् बिहार निर्माण जुयाच्वंगु खनेमदु । ईसाया निगूगु शताब्दीपाखे स्थापना जुगु 'गुँ बिहार' ऐतिहासिक तथ्य कथं नेपालमण्डलया न्हापांगु बिहार जुगु दु । *(बज्राचार्य, पूर्ववत पाद टिप्पणीसं ७, पृष्ठ १०) अथेहे सक्वय् च्वंगु लिच्छविकालीन छगू मेगु अभिलेखय् (ऐजन, पृष्ठ ५०)* श्री धर्म्मराजिकामात्य व '(महा) सांघिक भिक्षु संयस्य' खँगवः छ्यालाबुला यानातःगु दु । थूकी छु सिइदु धायेबले गुँ बिहार स्थापना जुइ धुंका बौद्धधर्मया विकास थलि निरन्तर रुपं जू वन कि लिच्छविकालतक थ्यंबले धर्मसम्बन्धी स्वइम्ह छम्ह मन्त्री (अमात्य) यागु नियुक्ति यायेगु अतिकं आवश्यक जू वन । बौद्ध बिहारयात पशुपति व दोलखाशिखर (चाँगु नारायण) सरह राजकीय सम्मान बिया:तःगु उल्लेख जुयाच्वंगु हाडिगांमय् च्वंगु अशुवर्मायागु लिच्छविकालीन ल्वहँपतिइनं ध्व खयात स्वतः पुष्टि याना:च्वंगु दु ।*(बज्राचार्य, पूर्ववत पाद टिप्पणीसं ७, पृष्ठ*

३२०-२१) महासांघिक हे महायानया पूर्ववत रुप जुगुलिं नेपाया बौद्धधर्म प्रारम्भकालनिसें महायानी परम्परा नापं अप्व: आबद्ध जुयाव:गु ख: धा:सां छुं अतिशयोक्ति जुइमखु ।

## ख्वप देसय् बौद्धधर्मया प्रवेश

नेपालमण्डलया छगू पूलांगु बस्तिया रुपय् म्हसिया च्वंगु ख्वप दे बौद्धधर्मया अनुयायी पिनिगु छगू त:धंगु पवित्र स्थल नं ख: । किरातकालय् हे थ्व थासय् बौद्ध धर्म हा काये धुंकुगु खँ थनया लिच्छविकालीन अभिलेखँ पुष्टि याना:च्वंगु दु । थ्व लागाया उत्तरपाखें अवस्थित सँक्व देयात उदाहरणकथं न्ह्य:ब्वयेगु उपयुक्त जुइ । सक्व देयात २००८ न्ह्यो तक्क सँक्व ख्वप धायेगु चलन दु । थौकन्हे तक्क नं न्ययद्‌ँ खुइदँ दुपिसं 'सँक्व ख्वप' धाइगु याना:च्वंगु हे दनि ।*(ज्याथपिं नापं खल्हाना बले वयक्‌पिंस धयादिगु कथं ।)* सँक्व दे ला: २००८ सालया राष्ट्रिय सिमाङ्कन लिपा तिनि काठमाडौं जिल्लाय् ला:वंगु ख: । इतिहासय् उल्लेख जुयाच्वंगुन्हापांगु बौद्ध बिहारया रुपय् 'गुँ बिहार' थ्व हे सँक्व देसय् निर्माण जुयाच्वंगु दु । हाकनं महासांघिक भिक्षु संघ स्पष्टकथं उल्लेख जुयाच्वंगु लिच्छविकालीन अभिलेख नं थन हे लुयाव:गु दु । उकिं किरातकालंनिसें हे थ्व लागाय् बौद्ध धर्मया प्रचार प्रसार जक मखु महासांघिक भिक्षु संघया जगसमेत क्वातुइ धुंकुगु खनेदु । हाकनं ख्वप दे नेपालमण्डल दुने जक मखु उत्तरय् तिब्बत थ्यंकन उत्तिकं हे प्रसिद्ध जुयावंगु खनेदु । सम्भवत: बौद्ध धर्मया सिद्ध मिलारेपाया शिलामुर्ति थन दयाच्वंगु छगू कारण जुइफु । इलय् व्यलय् तिब्बतित थन आ:तक्क नं उगु शिलामूर्ति दुगु थासय् वयेगु याना: वयाच्वंगु दनि ।

सँक्वया: 'गुँ बिहार' थें छगू पुलांगु बिहारकथं उद्योतकारव्य बिहारया नां थनया मेगु छगू शिलालेखय् उल्लेख जुयाच्वंगु दु । शिलालेख ल्हा:सापाकुया लांगाया बागहिटी नांगु ल्वहँ हिति च्वंसं निर्माण जुयाच्वंगु दु । थुगु ल्वहँहिटीया विशेषता धा:सा थुकी कियात:गु न्या या:गु म्हुतुं ल: हायेका त:गुलि लानाच्वंगु दु छाय्धा:सा मेमेगु ल्वहँहिटी मकरासया म्हुतुं ल: पिकया तय । थ्वहे हिटीइ छगू अभिखेल तयात:गु दु । लिपिया आधारय् थ्व शिलालेख जुजु मानदेवयागु इलय्यागु जुइ धका: अनुमान यायेफु । उकी उल्लेख जुयाच्वंगु वाक्यांश थथे ख: ।*(पद्‌मसुन्दर शाक्य, गोरखापत्र चैत ५, २०)४५, पृष्ठ ६)*

*ॐ उद्योताकारव्ये सततं मनोज्ञे*
*सुरालस्या ध्वनि सद्विहारे*
*हारेय धारेयमति प्रसन्नता*
*भषस्य वक्रात्पतती विराजते ।*

अभिलेख कथं स्वय्‌बले लिच्छविकालय् थुग क्षेत्रय् उद्योतकारव्ये बिहार निर्माण जुया च्वंगु अनेदु । नापं थ्व लागाय् बौद्ध कर्मया केन्द्रकथं विकास जुयाच्वंगु ख: । थन लिच्छविकालीन बुद्धया मूर्ति नापं मेमेगु कलाकृतित उखे थुखे छरय् जुयाच्वंगु दु । *(वागहिटीयागु स्थलगत भ्रमणया आधारय् ।)* ख्वपया मञ्जुवर्ण महाविहारया बज्राचार्यपिसं थन नित्यपुजादि याना: बौद्ध परम्परा न्ह्याका: थुगु लागाया बौद्ध संस्थामा संरक्षण याना: वयाच्वंगु दु । थथेहे इन्द्रवर्ण महाविहारया दुज:पिंसं सत: दयेका स्यंल्ह्वं यायेत आयस्ता समेत तया वंगु अभिलेख नं थन दु ।*( परिसिष्ट १ स्वया दिसँ)* उकिं थ्व क्षेत्र महायानी व बज्रयानीपिसं छगू महत्त्वपूर्ण धार्मिक स्थलया रुपय् नाला: वयाच्वंगु दु । उकिं थुगु थासय् उगु उद्योतकारव्ये बिहार निर्माण जुयाच्वंगु खयेफु धका: अनुमान याना: त:गु थुगु थासय् उल्लेख याये बहजू । अथेहे ख्वप नगरया पूर्वपाखे च्या:म्हसिंह व ब्रम्हायणी पीठया दथुइ लाक्क वाचुहिटी धा:गु थासय् नगरपालिकां सफा या:बले लगभग २ फिटं मयाक त:पागु ह्याँउगु छपा: ल्वहँपौ नं लुया व:गु ख: । संवत १४४ या उगु अभिलेखय् थथे उल्लेख जुयाच्वंगु छु । 'ॐ संवत १४४ फार्गुण दिवा त्रितीया यां । देयधार्मयं शाक्य भिक्षुणया सोमनाथया । सर्वसत्वना: अनुत्तर ज्ञाना वाप्तये । चक्र वाटरीभिं (ति) आर्य (भार्य ?) भिक्षुणी सङ्घाय प्रतिपादित इति ॥' *(कृष्णगोपाल कुसीजू*

*थुगु अभिलेख लुइकुगु ख: ।)*

**ख्वप लागा:या मेमेगु बौद्ध कलाकृतित**

ख्वप लागा:या मेमेगु थी थी थासय् लिच्छविकालीन बौद्ध कलात सुरक्षित जुयाच्वंगु दनि । चाँगुनारायणया प्राङ्गणय् बोधिसत्वया प्राचीन मूर्ति ल्यनाच्वंगु खनेदु ।*(चाँगु नारायण थाय्या स्थलगत निरीक्षण यायेबलय् खंकेफु ।)* अथेहे ख्वप देया मू लुखाय् च्वंगु सिद्ध पुखूया प्राङ्गणय् नं अष्टमण्डलाकारगु लिच्छविकालीन लोकेश्वर चैत्य छ्गः सुरक्षित जुयाच्वंगु दु । थ्व चैत्ययागु जीर्णोद्धार पुरातत्व विभागं यागु जुल । जीर्णोद्धारया इलय् चैत्यया गर्भगृहदुने निगः मेगु चैत्य नं लुयावःगु खः । उकी मध्ये दकसिबे दुने (चिकिचागवःगु) बिम्ब चैत्य तया उकियने लिच्छवि शैलीया चैत्य दु । सम्भवतः थ्व निगः चैत्ययात त्वपुया तयेत थुगु अष्टमण्डलाकार चैत्यया निर्माण जुगु खयेफु ।*(थुगु फोटो भाजु सुरेश ज्योति शाक्यपाखे उपलब्ध जुगु खः ।)* पुखू प्राङ्गणय् मेगु छ्गू प्राचीन बुद्धमूर्ति नं दु । बुद्धमूर्तिया जवंखवं पद्मपाणि बोधिसत्व व वलिराजायागु मूर्ति अङ्कित जुयाच्वंगु दु । बांग्देलज्यूं थ्व मूर्तियात छैठौं शताब्दीयागु खः *(बांग्देल, पूर्ववत पाद टिप्पणी सं ८, पृष्ठ ३३१)* धकाः समय निर्धारित यानाः दीगु जुल । थ्वहे मूर्तियात भिक्षु सुदर्शनजुं चाँगु नारायणया विष्णुविक्रान्त मूर्तियागु समकालय् निर्माण जुगू खयेफु धकाः अनुमान यानाः विज्यागु दु ।*(भिक्षु सुदर्शन, पद्मपाणि बोधिसत्व ( काठमाडौं:, पासामुना, ने.स, ११०० ।)*

**मध्यकालय् ख्वपया बौद्धधर्मया अवस्था**

भौगोलिक व राजनैतिक दृष्टिकोणं मध्यकालय् वयाः ख्वपया महत्त्व बढे जुल । आनन्ददेव प्रथमया इलय् पूर्वपाखेयागु ७ गां मिलेयानाः ख्वपयात न्हूगु स्वरुप बियेगु ज्या जुल । नापं नगर सुरक्षार्थ तान्त्रिक विधिकथं अष्टमातृका, नवदुर्गा, दशमहाविद्या भैरव आदि देवी देवतापिं स्थापना यात । थुगु हे इलय् बौद्ध विधिअनुसारं अष्टसिद्धापिं समेत थाय् थासय् स्थापना यागु जुल ।*(पुरुषोत्तम लोचन श्रेष्ठ - भक्तपुरमा तान्त्रिक शक्तिको युग, (पी.एच.डी. थेसिस, २०५०, अप्रकाशित)* लिपा आनन्ददेव द्वितीययागु पालाय् वयाः ख्वप नेपालमण्डलया राजधानी घोषणा जुल । थुकीं ख्वपया राजनैतिक गरिमा उन्नति जुयावंगु खने दुसां लिच्छविकालय् थें थन बौद्ध धर्म व संस्कृतिं हा कायेधाःसा फुगु खने मदु । उकिं भारत व तिब्बत बिचय् ख्वप व्यापारमार्ग जुया नं धार्मिक, सांस्कृतिक क्षेत्रय् थन उल्लेखनीय प्रगति जुये मफुत । राज परिवारय् आपसि मतभेद, उत्तराधिकारी चयन यायेगु पद्धति बिबिधता आदिं अन्ततः लक्ष्मीकामदेवया पालाय् ने.सं. १५९ लय् ख्वपय् गृहयुद्धकथं तसकं ल्वापु जुयावंगु वर्णन दु ।*(दिने शराज पन्त, पूर्णिमा अङ्क ३०)* थुजागु ल्वापुं राजकुल हे निगू व्वय् विभाजन यानाः बिल । छ्गू राजकुल थःगु नांया ल्यू देब च्वइपिं जुल धाःसा मेगु राजकुल थःगु नांया ल्यू मल्ल च्वइपिं जुल । इपिं च्वनीगु राजदरबार नं अलग्ग हे जुल, छ्गू राजकुल त्रिपुर दरबारय् च्वनाः राज्य याइपिं जुल धाःसा मेगु राजकुल युथिमियम् दरबारय् च्वन । अथेहे उत्तराधिकारी चयन पद्धतिइ नं फरक नीति अवलम्बन जुल । छ्गू राजकुलयाःम्ह जुजु जुइबलय् मेगु राजकुलयाःम्ह उत्तराधिकारी घोषित जुइगु परम्परा न्ह्याःगु जुल । थुजोगु इलय् राजकाजय् थःगु ल्हाः बल्लाकेगु कथं निगू राजकुलं नं थःथः हितैषि कथं खस वा डोय जुजु पिनिगु सहयोग कायेगु यानाः हल । लिच्वः कथं स्वनिगःलय् खस सेना व डोय सेना बारम्बार दुहाँ वःगु जक मखु इमिगु सैनिक कारबाहिलय् लाना यक्व धनजन तथा बौद्ध सम्पदासमेत नष्ट जू वन ।

मेगु कथं धायेगु खःसा ख्वप नेपालमण्डल दुहाँ वयेगु पूर्वपाखे यःगु लँ नं खः । दोलखा, बिगु लामवगर जुयाः कुति खासा जुनाः उत्तरपाखे तिब्बत, चीन थ्यंकः वनेत जुइमा वा भोंदे, खोपासी, सिन्धुलीपाखें भारत वनेत छाय् मजुइमा राजधानीया नातां थुगु थाय्या चहलपहलला दैगु हे जुल ।*(धनबज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठ -*

*दोलखाको ऐतिहासिक रुपरेखा, (कीर्तिपुर, नेपाल र एसियाली अध्ययन संस्थान, २०३१) पृष्ठ १६)* थुगु कथं नेपालमण्डलय् दुहाँ वयेगु प्रमुख लँ ख्वपदेसय् ला:गुलिं मध्यकालीन ख्वप आक्रमण या:वइपिं बाह्य आक्रमणकारी तयेगु कोप भाजन जुइगु न्हापांगु थायला जुइगु हे जुल । इतिहासय् लगभग सच्छि दँया दुने *(चौधौं शताब्दीया सुरुनिसें पन्ध्रौं शताब्दीया सुरुतक्क)* नेपालमण्डलय् पटक पटक यक्को हे बाह्य आक्रमण जुल ।*(बज्राचार्य, पूर्ववत पाद टिप्पणीसं ६, पृ. १४९ ।)* कर्णाली प्रदेशया खस तथा सिम्रौनगढया जुजुपिसं उगु इलय् नेपालमण्डलया राजधानी जुयाच्वंगु त्रिपुर दरबारय् आक्रमणयाना: धनमाल लुटेयागु, पशुपति द्यो, स्वयम्भूया ढुकुटी लुटेयागु, सहर मिं नका: ध्वस्त याना: जनता याके कर असुल याना:वंगु आदि खँ गोपालराज वंशावली उल्लेख जुयाच्वंगु दु । अथेहे वि.सं. १४०६ ( ने.सं. ४७०) मार्ग शुक्ल नवमीकुन्हु सुल्तान समसुद्धिनं नेपालमण्डल हमला यायेत पूर्वया लँ जुया: वल । न्हापां ख्वपय् हमलायाना: यक्को हे नोक्सान यात ।*(बज्राचार्य र मल्ल, पूर्ववत पाद टिप्पणीसं २०, पत्र २८ ख ।) उमिगु आक्रमणंय् लाना ख्वप न्हेनु न्हेचातक छ्वया:च्वन धका: गोपालराज वंशावलीइ उल्लेख जुयाच्व) गु दु । अथेहे हिन्दुतय् आराध्यदेव पशुपतिया लिङ्ग स्वकू थला: बिल । स्वयम्भूया चैत्य तोडफोड याना: अनयागु श्रीसम्पत्ति नं यक्व लुटेयाना यन । सच्छि दँ दुने जुगु थुगु कथंया आक्रमणं ख्वपया आपालं* बौद्ध सम्पदात नष्ट जूवन ।

अथेहे शंकराचार्यया नेपालमण्डलया भ्रमणं ख्वपया बौद्ध सम्पदा व संस्कृतित नष्ट जुल धइगु खँ भाषावंशावलीइ उद्धृत जुयाच्वंगु वर्णनं नं थुइका कायेफु । आद्यशंकराचार्य नेपालमण्डलय् वया: थनच्वंपि बौद्धधर्मावलम्बीतयृत धार्मिक विवादय् पराष्ट याना: अनया गुँ बिहारय् च्वंगु चैत्य हे फाटापुइका: बिल धका: वंशावली च्वया: त:गु ख: ।*(नेपाल पूर्ववत पाद टिप्पणीसं १९, पृष्ठ ८३)* ध्व खँ पुष्टि यायेगु ऐतिहासिक आधार धा:सा मदु । छायेधा:सा आद्यशंकराचार्य स्थापना याना: वंगु मूलगु प्यंगु:मठ श्रृङ्गेरीमठ, जगन्नाथपुरी, द्वारका बदरी मठया महन्त वा मठाधिशपिन्त नं शंकराचार्य धायेगु परम्परा धा:सा चले जुयाच्वंगु दु । उकिं 'रुद्रशैव' नांया:म्हा शंकराचार्य नेपालमण्डल व:गु खँयात आद्यशंकराचार्य नापं जोडे याना: थुम्ह शंकराचार्य जुजु शिवदेवया: काय् राजकुमार आनन्ददेव व मेपिं राजकुमारपिन्त दीक्षा बिया: वन धैगु श्रुति ल्यना च्वंगु जुल । नेपाल संग्रहालय छाउनी च्वंगु ने.सं. २६२ (वि.सं. ११९९) या अभिलेखँ ध्व खँ सिइदु । उकिं इतिहासकार धनबज्र बज्राचार्यं नेपाल व:म्ह शंकराचार्य प्रसिद्ध आद्यशंकराचार्य मजुसे 'आमर्दक मठ परम्पराया शंकराचार्य ख: धका: उल्लेख याना: त:गु ख: ।*(बज्राचार्य पूर्ववत पाद टिप्पणीसं ६, पृष्ठ १३८ ।)*

बौद्ध परम्परा व बौद्ध संस्कृति ख्वपय् विकास जुइ मफुगुया छगू मेगु कारण भूकम्प रुपी इलय्-ब्यलयया प्राकृतिक प्रलय नं ख: । नेपालमण्डल भूकम्पया लागा कथं नं म्हसिया च्वंगु दु । इलय् ब्यलय्या भूकम्पया प्रकोपं याना: ख्वप तकोमछि हे ध्वष्ट जुंइ धुंकुगु दु । उजोगु हे प्रलयकारी भूकम्प वि.सं. १३१२ (ने.सं. ३७५) आषाढ शुल्कतृतीया सोमबार कुन्हु नं व्व:गु जुल ।*( बज्राचार्य र मल्ल, पूर्ववत पाद टिप्पणीसं २०, पत्र ३८ क ।)* उगु भुकम्पं ल्हा:ना: जुजु अभयमल्ल सहित स्वब्वय् छब्व प्रजात सित धका: गोपालराज वंशावलीइ च्वया: त:गु नं दु । थुजोगु भूकम्प विसं. १८९० व १९९० सालय् नं व्व:गु जल ।*(मैत्री युवा संघ २००५ सालय् पिकागु वक्तृत्व कला पर्वय् मीनबहादुर शाक्यं च्वया बिज्यागु 'भक्तपुरमा बुद्ध धर्मको' नांगु च्वसुया पृष्ठ ७ या आधारय)* गुकिंयाना: प्राचीन सम्पदात (छेँ, देग:, बिहार) जीर्णोद्धार जुइमफुगु हुनिंयाना: ख्वप देसय् लिच्छवि व मध्यकालयागु बिहार ल्वहँपतिइजक उल्लेख जुया भौतिक रुपं खने मदया वन । वास्तवय् ध्व ख्वपया लागि त:धंगु विडम्बनाया खँ ख: । इलय् हे जिर्णोद्धार जुइमफुगुया

कारणं गुलिखे बिहारया भौतिक संरचना हे ध्वष्ट जुई धुंकुगु दु । धाइ, अप्पो थैइथें किसानतय्‌गु बस्ति जुगु कारणंयाना: तुलनात्मक दृष्टिं यें, यलय् थें स्थानीय बासिन्दा पिनिगु ग्वाहालिं देग:, मन्दिर, दयेक्यगु ज्या ख्वपय् मजुल ।

हाकनं ख्वपय् बौद्धधर्मया विकासं निरन्तरता काय् मफुगुया छगू मेगू कारण स्थितिमल्लं अवलम्बन यागु हिन्दुकरण नीति ख: धा:सां छुं अतिसयोक्ति जुइमखु । नायक देवीया म्हयाये राजल्लदेवीनापं विवाह याये निम्ति दोलाजि कथं स्थितिमल्लया नेपाल उपत्यकाय् प्रवेश जुगु ख: ।*(लीलाभक्त मुनकर्मी, 'मल्ल राजवंशय् जयस्थिति मल्लया प्रादुर्भाव', कुमारी, नेसं. ११२०, पृष्ठ ७५)* सिम्रौनगढ संस्कारय् व्वलंम्ह स्थितिमल्लमा झुकाउ हिन्दु परम्पराय् लाइगु स्वाभाविक हे जुल । उकिं राजकाज थ:गु ल्हा:ति कायेधुंका: वं दक्षिण भारतं ब्राम्हणत सता: वर्ण व्यवस्था कथं थन सामाजिक सुधार यायेगु ज्या न्ह्याकुगु जुल । वहे झ्वलय् बौद्ध भिक्षुतय्‌त भिक्षुणित नापं जबरजस्ती विवाह याकल धइगु बौद्धानुयायीत्‌गु धा:पु नं दु । थुजागु अवस्थाय् बौद्धधर्मं गति काय् फैमखुगुला जुहे जुल । उकिं लुसियानो पेटेकजुं मेडिभल हिस्टोरी अफ नेपाल नांगु सफूतिइ स्थिति मल्लया शासनकाल लिपा ख्वप हिन्दु राज्यकथं, यल बौद्ध राज्यकथं व ये हिन्दू व बौद्धतय्‌गु ल्वाकबुक राज्य कथं विकास जुल धका: उल्लेख याना: त:गु जुल ।*(लुसियानो पेटेक, मेडिएभल हिस्टोरी अफ नेपाल, (रोमा: इटालियन इन्स्टिच्यूट, १९५८), पृष्ठ १७२)* तर गोपालराज वंशावली धा:सा स्थिति मल्लयात बौद्धावतार कलियुगय् स्वयम्भूपाखे वरप्रसाद प्राप्त जुम्ह अष्टलोकपाल अवतार धका: उल्लेख याना: त:गु दु ।*(बज्राचार्य र मल्ल, पूर्ववत पाद टिप्पणीसं २०, पत्र २९ क)* विसं. १४२७ ( ने.सं. ४९०) वैशाख शुक्ल तृतीया कुन्हु स्थिति मल्ल करुणामयया जात्रा स्व: बिज्याबलय् लुँयागु तोरण दय्‌का लँय् कापः लाया मनिगलय लसकुस यात धका: नं उल्लेख याना: त:गु दु ।*(ऐजन पत्र ५६ ख)* अथे हे स्थिति मल्लयागु शासनकालय् नेसं. ५०१ (वि.सं. १३३८) ज्येष्ठ कृष्ण दशमी सोमबार आश्विनीनक्षत्र कुन्हु 'मण्डे बहारछेया कोचपाहदेव (क्वा:पा:द्य:) यागु न्यास लिकाय्‌गु ज्या जुल धका: नं उल्लेख जुया व्वंगु दु ।*(ऐजन, पत्र ६० क)* थुगु खँत: धा:सा अनुसन्धानया विषय् कथं हे ल्यनाच्वंगु दनि ।

अथेजूसानं बौद्ध धर्मया प्रचारय् ख्वपया देन म्हो मजू । चौधौं शताब्दीपाखे चीननापं नेपाया स्वापू बौद्ध दूतमण्डलपिनिगुपाखें कायम जुइ फुगु मिङ्ग जुजु पिनिगु वृत्तान्तय् उल्लेख जुयाच्वंगु दु । चिनियाँ सम्राट हाङ वुले विसं १४४१ पाखे नेपाया जुजुयात राजकीय मोहर ल:ल्हा:गु यात नेपालया जुजुं स्वीकारयाना: थुकीया लिस: कथं चीनय् दुत छ्वया: लुँ यागु चिचिग्व:गु चैत्य, बौद्धधर्म, ग्रन्थ व भिं जातयापिं सल तथा मेमेगु सामान उपहार छ्व: गु खँ उल्लेख जुयाच्वंगु दु ।*(बालचन्द्र शर्मा, नेपालको ऐतिहासिक रुपरेखा, (वाराणसी: श्रीमती कृष्णकुमारी, २००८) पृष्ठ १३४)*

**ख्वप देया बहा व बहि**

ख्वप देशय् जम्मा २५ गू बहा व बहि व थिमि ९ गू बहाया निर्माण जुयाच्वंगु खनेदु । थुकीमध्ये अभिलेखय् जक खनेदुगु ८ गू विहार दु । नेसं ४९६ यागु भूमिसम्बन्धी ताडपत्रय् खुसी विहार व कोथोबिहारया नां उललेख जुयाच्वंगु दुसा नेसं ५१६ यागु ताडपत्रय् पेतबहार उल्लेख जुयाच्वंगु दु ।*(शंकरमान राजवंशी(सं), भूमिसम्बन्धी तमसूक, ताडपत्र, भाग ४ (काठमाडौं: राष्ट्रिय अभिलेखालय, २००४), पृष्ठ १)* थुकी मध्ये कोथो बिहार कमल विनायक मिनिबस पार्क क्षेत्रय् दुगु खँ थनपा बुढापाकापिसं धायेगु या: । थुगु विहार जुजु रणजित मल्लया इलय्‌तक बांलाक ध:स्वना: च्वंगु दनि धैगु प्रमाणित जू । अथेहे खुशीविहार हनुमान घाटया पश्चिम लागाय् दु धका: प्रमाणित जुइ कथं अंन निर्माण जुया च्वंगु अशोक चैत्य महाकाल व ल्वहपौ छपा दुगुलिं थुइका: कायेफू ।*(परिशिष्ट २ स्वया दिसं)* आयुर्वेदसम्बन्धी छगू थ्यासफूया पुष्पिका वाक्यय् च्वया:तगु बाहेक याथुर विहारयाबारे मेगु छुं ल्यनाच्वंगु

खनेमदु ।*सप्तचन्द्र बज्राचार्यया संग्रहालय् ला:गू आर्युवेदिक सफूतिइ च्वंगु पुष्पिका वाक्य उल्लेखितकथं । परिशिष्ट ३ नं स्वया: दिसँ)* उकी थुगु याथुर विहारयात याथौरी विहार श्री चक्र महाविहार धका: उल्लेख याना: त:गु दु । थुगु विहार कमल विनायक गणेद्योया वा थुकीया आसपास क्षेत्रपाखे दु धैगु जनविश्वास दु । तर थुगु हे थ्यासफुतिइ उल्लेख जुगु साकूलां विहारया अस्तित्व खने मदय धुंकूसां साकुलां त्वा: धा:सा आ: तक नं दनि ।

अथे हे गोपालराज वंशावली मण्डे विहारया नां उल्लेख जुयाच्वंगु दु । नेसं ५०१ स थुगु विहारया क्वा:पा:द्यः ज्यून्या:स लिकागु व प्रतिष्ठा यागु उकी वर्णन जुयाच्वंगु दु धैगु खँ च्वय् प्रसंगबस उल्लेख जुइ धुंकुगु दु । ऐतिहासिक स्रोतया अभावया कारणंयाना: थुगु विहार गन व गबलें निर्माण जुल धाये थाकु । यालाछें बहिया अस्तित्व धा:सा यालाछें त्वा:या प्रवेशद्वारया ज:ख: निर्मित सिंहत व चैत्यया नापं सिद्धपिनिगु प्रस्तरमूर्ति निगु प्यंगुलिइ जक हे सीमित जुइ धुंकुगु दु । ख्वप दुने भिंछगू महाविहार व न्या:गु बहि दु । उकिं मध्ये नुक्कं बज्राचार्यपिनिगु महाविहार प्यंगू: जक दु - क) चतुब्रम्ह महाविहार, ख) अखण्डशील महाविहार, ग) लोकेश्वर महाविहार द घ) मञ्जुवर्ण महाविहार । अथेहे मुक्कं शाक्यपिनिगु महाविहार धा:सा न्हेगु दु - क) इन्द्र वर्ण महाविहार, ख) कुलरत्न महाविहार, ग) आदिपद्म महाविहार, घ) जेतवर्ण महाविहार व ङ) जेष्ठवर्ण महाविहार ख: । बाँकी निगू धर्मउत्तर महाविहार व धर्मधातु महाविहार इन्द्रवर्ण महाविहार अन्तर्गतय् लानाच्वंगु दु । उकिं चुडाकर्मादि ज्या इमिसं इन्द्रवर्ण महाविहारय् हे न्ह्याका: वयाच्वंगु दु ।

### ख्वपय् चूडाकर्म विधि

बौद्ध विहारया प्रमुख अंग धैगु संघ ख: । बुद्धया पालंनिसे हे वसपोलया धर्म दर्शन व शिक्षायात पालन याना: संघपाखेंहे थौं तक्क न्ह्याका: वये फूगु धैगुहे थुकीया विशेषता ख: । उकिं बिहार-बिहारय् स्थापना जुयाच्वंगु संघ देया वातावरण अनुरुपं बहुजन हित व सुखयात ध्यानतया समाजया कल्याण जुइकथं शान्तिया वातावरण कायम याना: देया समुन्नतियाइगु ज्याय् सदां अभिप्रेरित जुया: वयाच्वंगु दु । उकिं विनयकथं शीलादि पालनयाना: त्रिरत्न प्रति अटल श्रद्धा तयावया:च्वंपि शरण काये वह:गु समूहकथं समाज व राष्ट्रं संघयात विशेष आदरभाव प्रकट याना: त:गु ख: । मेगुकथं धायेगु ख:सा थुजागु गुणयुक्तपिं जकहे संघया दुज: जुइ फै । थ्वहे खँयात वा:चायेका शील समाधि व प्रज्ञा विषयस दुग्यंक अध्ययन याना: त्रिरत्नप्रति समर्पित जुइकथं नेपाया बौद्ध परम्परागत विहारय् म्होतिनं ४ न्हु जक जूसां भिक्षु जुया त्रिरत्न शरण गमन व पञ्चशील पालना याना: संघय् दुहाँ वनेगु परम्परा नेपालय् न्ह्याना वयाच्वंगु दु । थुकीयात चूडाकर्म यायेगु धका: धाई । थुगु ज्या: ख्वपय् व थिमिइ गुकथं न्ह्याना च्वन धका: क्वय् यथा स्थाने चर्चा जुइ ।

तर ख्वप, थिमि, भोंत, पनौती आदिथासय् छन्हुजक चीवर त्वता: भिक्षु जुइगु परम्परा न्हयाना वयाच्वंगु दु । ख्वपया छगू मेगु परम्परा नं दु । परम्पराकथं जातं बज्राचार्य हे जूसां आचार्याभिषेक मयायेकं पुजादि याये मज्यू । उलि जकं मखु दीक्षा मकायेकं शाक्य बज्राचार्यपिंथाय् आचार्याभिषेक जुयेधुंकुम्ह ख:सां पुजा ज्या याये मज्यू धैगु नियम दु । थौंकन्हे चतुब्रम्ह महाविहार व पशुपति महाविहारया बज्राचार्यपिं जक मुना छगू आचार्य गुथि नं न्हयाका: वयाच्वंगु खनेदु । थुगु गुथिस दशनायकया व्यवस्था दु । थुकी मध्ये प्रमुख व स्वम्हम्ह (स्वंगु मुख: चक्रेश्वर) छसिकथं पशुपति विहारया दशनायकपिं मध्ये प्रमुख स्थविर आजु व दशनायक मध्येया आजु च्वनीगु ख:सा निम्हम्हतक्क चतुरब्रम्ह महाविहारया चक्रेश्वर च्वनीगु व्यवस्था दु । थनया पशुपति महाविहारय् स्थविर जुया विज्याये धुंकुम्ह बाहाया द्यो छें (दिगीछें) हे च्वने मा:गु परम्परा दु । थन दसस्थविरमा नेतृत्वय् संघ परम्परा न्हयाना: वयाच्वंगु दु । थजागु परम्परा ख्वपया मेगु विहारय् ल्यनाच्वंगु खनेमदु ।

ख्वप नगर दुने दयाच्वंगु महाविहारत मध्ये अभिलेख ग्रन्थ आदिया आधारय् स्थापनाकाल स्पष्ट सीदुगु ७ गू विहार दु । उकी मध्ये पशुपति महाविहार पुलांगु खनेदु । थुगु विहारया स्थापनाकालया छुं नं अभिलेख आ: तक प्राप्त मजुनिगु ख: सां ने.सं. ६६८ यागु तमसुकय् 'श्री भाष्कर देव संस्कारित हिरण्य वर्ण महाविहार यलपाखे दिशादि सङ्घ महाभोज्य' ब्वना:पौ छ्वया: ह:गुलि 'श्री भुवना:कर धर्म संस्कारित पशुपति विहारया संघपित व श्री ३ दीपंकर भट्टारकसहित' धका: उल्लेख यानात:गु दु । थकु जुजु शंकर देवया: इलय् ने.सं. १९८ स रचना जुगु 'बोधिचर्यावतार' सफूति श्री भुवना:करयागु नां उल्लेख जुया च्वंगु दु । *(सुरेशज्योति शाक्य, ख्वपदेया बिहार वहीया जात, (ख्वप: कुत: पिकाक, २०५३) पृष्ठ २२)* थुकीं ने.सं. १९८ साल न्ह्यो हे पशुपति बिहार दय्धुंकुगु धका: सिइदु । थथुवहि व कुथुवहिया स्वापु 'नक पुखू' नापं दु धैगु खँ थनया संघ दुज:पिनिगु धा:पु दु । ने.सं. २८९ (वि.सं. १२२६ वैशाख कृष्ण चतुर्दशी उप्रान्तं अमावस्या बुधबारया दिनय् तधंम्ह भारादार नकपुखू दय्का चान्हे पलिस्था यात *// बज्राचार्य र मल्ला, पूर्ववत पाद टिप्पणीसं २०, पत्र ३२ ख //* नकपुखू दय्के न्ह्यो हे ध्व निगू विहार दु धैगू जनविश्वास दु । ध्व निगू विहारया संघ दुज: इलुनायो व बिलुनायो याके दां त्याना: कया: उकिया पलेसा पुलेकथं नक पुखू दयेकल धैगु संघ दुज: पिनिगु धा:पु न्यने दु ।

ख्वप देसय् लिच्छविकालय जक मखु मध्यकालय् नं यक्व विहार निर्माण जुगु दु धैगु खँ ऐतिहासिक प्रमाण सिइदु । लिच्छविकालय् निर्माण जुयाच्वंगु विहारत बारे न्हू-न्हूगु खँ सिइकेत व्यवस्थित व वैज्ञानिक ढंगं थप अनुसन्धान यायेमा:गु आवश्यकता दु । अथेला मध्यकालय पशुपति बिहार, थथु बहि, कुथुबहि आदि गुलिखें बिहारत थौकन्हय् तक्क नं बालाक संरक्षण जुयाच्वंगु दु ।

*'ख्वपया बाहा बही' पुस्तकबाट साभार*

## बौद्ध भ्रमण

२०६८ मंसिर २४ देखि २७ गतेसम्म भक्तपुरका केही नगरवासीहरु भारतको बिहारस्थित बुद्धगया भ्रमणमा जानुभएको थियो । भ्रमणको सिलसिलामा बुद्धसम्बन्धी ज्ञान हासिल गर्नुहुँदै बौद्ध दर्शन अध्ययन समाजबाट प्रकाशित 'अर्हत' अङ्क २ पनि बुद्धगयाका भिक्षुहरुलाई वितरण गर्नुभयो । कृष्णकेशरी, रुपा, कृष्ण दुवाल र मोहनकेशरीसमेत रहेको उक्त भ्रमण टोलीको नेतृत्व यस समाजका सदस्य श्री गोपीकृष्ण प्रजापतिले गर्नुभएको थियो ।

**कमाएको धनमा एक भाग खानपानलाई, दुई भाग काममा लगाउनु र बाँकी आपतकालीनलाई बचाइ राख्न जान्नुपर्छ ।**

*गौतम बुद्ध*


**बौद्ध दर्शन अध्ययन समाजद्वारा प्रकाशित 'अर्हत' साहित्यिक पत्रिकाको निरन्तर प्रकाशनको निमित हार्दिक शुभकामना व्यक्त गर्दछ ।**

**शारदा उच्च मा. विद्यालय**

यालाछेँ

फो.नं.: ६६१०२०९

# तिब्बतमा बौद्ध धर्म

• राहुल साङ्कृत्यान

## १. तिब्बत - देश र जनता

तिब्बत एउटा विशाल देश हो । यो भारतको प्राय सबै उत्तरी प्रान्तहरुको सिमानासँग जोडिएको छ । यो देश क्षेत्रफलमा विशाल भए पनि जनसङ्ख्या निकै पातलोसँग छरिएर रहेको छ। यहाँ महान मंगोल जातिका समान रुपका जनताको बसोबास रहेको छ ।

पहिलो शताब्दीको मध्यतिर अर्थात् सन् ५६ मा बौद्ध धर्म मध्य एसियाबाट चीनमा पुगेको थियो । पहिलो बौद्ध धर्म प्रचारक कश्यप मताङ्गाबाट अनुवादित केही कार्यहरु अझैसम्म पनि छन् । सन् ३२२ मा बौद्ध धर्म कोरिया पुग्यो र सन् ५३८ मा जापानमा पनि यस धर्मका प्रचारकहरु आइपुगे । सन् ६४० सम्म पनि यो धर्म तिब्बतमा नपुगेकोमा अचम्म मान्नुपर्छ । यसको प्रमख कारण उच्च हिमालहरु पार गर्नु सजिलो थिएन तथा त्यहाँका जनताहरु पनि पिछडिएका आदिवासीका अवस्थामा थिए । तर पहेंलो नदी (Yellow River) को माथिल्लो उपत्यका तान्गुत (Tangut) मा अम्दो (Amdo) मा रहेका तिब्बतीहरुले तेस्रो शताब्दीमा नै बौद्ध धर्म अङ्गालिसकेका थिए । मध्य तिब्बतको भित्री भागसम्म यो धर्म पुग्नु अगाडि नै अम्दोमा बौद्ध धर्म पुगिसकेको थियो । तान्गुटहरु मध्य एसियामा बस्थे, उनीहरुको राजधानी काराखोता (Karakhoto) थियो जुन चीनबाट पश्चिमतर्फको महान रेशम मार्गमा पर्दथ्यो । तान्गुटहरु त्यस्ता जनता थिए जसले विश्व बिजेता चंगेज सामु सजिलै आत्मसमर्पण गरेनन् । उनीहरुसँगको युद्धमा चंगेज खाँन नराम्ररी घाइते भएको थियो र त्यसबाट उसको मृत्यु भयो । तर पछि उनीहरु आफ्ना मातृभूमिबाट दक्षिणतिर धपाइए जहाँ उनीहरु अहिलेसम्म बस्छन् र यो देशलाई आम्दो (Amdo) भनिन्छ । तिब्बतीहरु मध्ये उनीहरु धेरै जेहेनदार थिए । तिनीहरु केही अहिलेसम्म पनि तिब्बतका सबैभन्दा महान विद्वान व्यक्तिहरुमा गनिएका छन् । अखिल चीन बौद्ध संघका अध्यक्ष गेरो-शेराप सम्पूर्ण तिब्बतभरिमा सबैभन्दा ठूलो विद्वान व्यक्ति हुन् । उनको मृत्यु केही वर्षअगाडि मात्र भयो । धेरै पहिले नै तान्गुटहरु बौद्ध दर्शनको सम्पर्कमा आएका भए तापनि भारतबाट कश्मीर तथा नेपाल भएर बौद्ध धर्म तिब्बतमा पुग्न कैयौं शताब्दी लाग्यो ।

## २) बौद्ध धर्मको विस्तार (Propagation of Buddhism)

तिब्बती पठार (उच्चभूमि) मा फिरन्ता मानिसहरुको बसोबास थियो । उनीहरु विभिन्न वंशहरुमा विभाजित थिए र उनीहरुका आ-आफ्नै मुखिया थिए । छैठौं शताब्दीको अन्तसम्ममा तिब्बतको पश्चिमी भागमा मोन-खमेर जातिको बसोबास थियो जसलाई मोन-पा (Mon-pa) भनिन्थ्यो । जब तिब्बतीहरु पश्चिमतिर छरिए धेरैजसो मोन-पाहरु तिब्बतमा एकत्रित भए । सातौं शताब्दीको सुरुमा तिब्बती शासन तथा संस्कृति फैलिन थाल्यो । त्यसबेला उत्तर भारतमा कनोज (Kanauj) का राजा हर्षवर्धनले राज्य गर्दथे । सबै तिब्बती सामन्त राज्यहरु मध्ये ब्रहमपुत्र (छ्याङ्पो) को तल्लो भागमा बसोबास गर्ने जातिहरुसँग जीवन बिताउनको लागि धेरै सुविधाहरु थिए, त्यसैले त्यहाँ धेरै पहिले कृषि र ग्रामीण जीवनको विकास भयो । महान विजेता र प्रथम तिब्बती

राजा श्रोङ-चोङ-गोम्पो (Srong-tsan-gon-po) को जन्म यस क्षेत्रको सरदारको घरमा भएको थियो । सन् ६१५ मा उनी १३ वर्षको हुँदा उनका बुबाका उत्तराधिकारी भए । उसले आफ्ना जनतालाई सङ्गठित गर्‍यो र सन् ६५० मा सम्पूर्ण तिब्बती जातिलाई अचम्मसँग एककृत गरे । उनको मृत्यु भएकोबेला तिब्पती सम्राटले पश्चिममा पामिरसम्म उत्तरमा पहेलो नदीसम्म, पूर्वमा धेरै चिनियाँ प्रान्तहरु अधिनमा लिए तथा दक्षिणका सम्पूर्ण हिमाली क्षेत्रले यो राजाको आधिपत्य स्वीकार गरेका थिए ।

तिब्बत जातीवादबाट सामन्त युगमा पदार्पण गरेको थियो । यसको धेरै टाढासम्म फैलिएको शासनलाई लिखित भाषा र अन्य सन्चार माध्यमहरुको आवश्यकता थियो । जातीय धर्म तथा जीवन पद्धतिले हिमाली क्षेत्रका जनतालाई चित्त बुझाउन सकेन । चोङ-पो (Tsang-PO) उपत्यकाको पुरानो राजधानीसमेत उपयुक्त भएन, त्यसैले राजा श्रोङ चोङ (Srong-tsang) ले चोङ-पो (Tsan-po) को सहायक नदीको किनारामा आफ्नो राजधानीलाई स्थानान्तरण गरी ल्हासा (Lhasa) सहर निर्माण गरिएको थियो । त्यसभन्दा अघि आफ्ना मन्त्रीहरु मध्ये एकजना मन्त्री थोन्मी (Thonmi) लाई तिब्बती भाषाको निमित्त अक्षर (वर्णमाला) बनाउन नियुक्त गरेको थियो । यसको निमित्त उत्तर भारतीय वर्णमाला (अक्षर) लाई छानिएको थियो । त्यसबाट यो प्रस्ट हुन्छ कि टान्गुटहरुले पनि मध्य एसियाली ब्राह्मी लिपिबाट एउटा वर्ण बनाएको देखिन्छ जुन टारिम (Tarim) उपत्यकामा प्रचलित थियो । दुवै वर्णमालाहरु हालसम्म पनि प्रयोग भएका छन् । डिको नभएको यु मेट (U-met) अक्षर मध्य एसियाबाट आएको थियो र डिको भएको यु चेन (u-chen) अक्षर भारतबाट आएको थियो । यु-मेट अक्षर हस्त लेखनका लागि तथा यु चेन छपाइका लागि प्रयोग गरिन्छन् । नयाँ वर्ण तयार गर्नका लागि भारतीय विद्वानहरुबाट मन्त्री थोन्मीलाई सहयोग गरिएको थियो । तिब्बती भाषाको लागि केही भारतीय वर्णमालाका अक्षरहरु नचाहिने हुँदा केही ती अक्षरहरु हटाइए । लामो स्वर वर्णहरु तिब्बतीमा प्रयोग गरिदैन त्यसैले तिब्बती वर्णमा लामा तिनीहरुलाई कुनै स्थान दिइएन । भरगास (vargas) को चौथौ अक्षर (ध, ऋ, ध् र भ) को तिब्वती भाषामा समान ध्वनि छन् र त्यसैले तिनीहरु हटाइए तर तिब्बती भाषाका खास केही ध्वनिहरुका निमित उनीहरुले छुट्टै अक्षरहरु बनाए, कुनै अक्षरमा जोड (Stroke) थपी यस्ता टस्, टश्, ज्, दज्, ह् र श् अक्षरहरु बनाए । यसरी 'अ' व्यञ्जन सहित जम्मा जम्मी अक्षरहरुको सङ्ख्या ३० वटा पुग्यो जसमा आइ, यु, इ र ओ चिन्हहरु हटाइएका थिए ।

नवप्रवर्तनका कार्य अक्षर (वर्णमाला) मा मात्र सीमित रहेन । तिब्वती भारदार र तिनका राजा चिनियाँ तथा भारतीय सभ्यतासँग नजिक सम्बन्धमा आए । उनीहरु चिनियाँ र भारतीयहरुबाट धेरै कुराहरु सिक्न इच्छुक भए । राजा स्रोङ-चोङ (Srong-tsan) को चिनियाँ तथा नेपाली शाही परिवारहरुसँगको वैवाहिक सम्बन्धका कारणले उनीहरु बौद्ध धर्मतिर आकर्षित भए जुन दुवै राजकुमारीहरुका धर्म थिए र तिब्बती राजाका महारानीहरु पनि भए । उनीहरु सँगसँगै धेरै विद्वान भिक्षुहरु, बौद्ध मूर्तिहरु तथा कलाकृतिहरु तिब्बती राजधानी भित्रिए । सुवर्ण प्रभासोत्तम सुत्र यी कार्यहरु मध्ये एक हो जुन ज्ञानकुमार तथा मुलकोशा नाम गरेका तिब्बती विद्वानहरुबाट अनुवाद गरियो । चिनियाँ राजकुमारी रामो-छे (Ramo-chhe) मन्दिर निर्माण गराउन सफल भइन् जुन हालसम्म पनि अस्तित्वमा छ । नेपाली राजकुमारीबाट ल्याइएको मूर्तिका लागि राजा आफैले प्रसिद्ध जो-खाङ मन्दिर निर्माण गराउन लगाए । यो तिब्बतमा रहेको सबैभन्दा पुरानो बौद्ध मन्दिर हो र सबैभन्दा बढी सम्मानित एवम् आदरका साथ पूजित छ । सबैभन्दा पवित्र यो मन्दिर निर्माण भएको १३०० वर्ष बितिसक्दा पनि यो अझै त्यतिकै सुन्दर र नयाँ देखिन्छ मानौं कि यो हालसालै

निर्माण गरिएको हो । राजाको देहावसनपछि बुद्धको रामो छे मूर्ति जो-खाङमा स्थानान्तरण गरियो ।

**३. प्रथम गुम्बाको निर्माण** (The Building of First monastry)

राजा थि-श्रोङ इडे-वचन (Thi-srong Ide-bchan) (सन् ७५५-७८०) श्रोङ-चोङ (Srong tsan) को पाँचौं उत्तराधिकारी थिए । उनी तिब्बतका अशोक हुन । उनी उनका पिता थि-इडे-उङ ताङका उत्तराधिकारी हुँदा उनी मात्र १३ वर्षका थिए । उनी धर्मात्मा भक्त मात्र थिएन बरु एक प्रशासक र सैनिकको रुपमा उनी आफ्नो पूर्खाको योग्य उत्तराधिकारी थिए । चिनियाँ मध्य एसिया, सिनकियाङ (Sinkiang) उनको शासनको अधिनमा थियो, त्यस्तै पहेंलो नदी उपत्यकाको माथिल्लो भागमा रहेको क्षेत्र पनि उनको अधिनमा थियो । विगतको १ सय वर्ष अगाडि नै बुद्ध धर्म तिब्बतमा प्रख्यात थियो तर विद्वानहरुबीच द्वन्द्व थियो, तिनीहरु मध्ये कसैले विदेशी धर्म र अन्य धेरै नयाँ कुराहरुलाई मन पराएनन् । उनीहरुले जातीय समुदायका देवताहरु तथा परम्पराहरुलाई नै रुचाए, जबकि अरुहरु नयाँ धर्मका बारेमा जान्न धेरै उत्सुक भए जुन उच्च कोटीको कला, संस्कृति तथा विज्ञानका साथ ल्याइएको थियो । राजा थि-स्रोङ (Rhe-srong) ले बुद्ध धर्मप्रति महान आस्था राखेका थियो र हरेक माध्यमबाट यसलाई प्रसार गर्न चाहन्थे । यस उद्देश्यका लागि उनले त्यो समयका महान बौद्ध विद्वान आचार्य सनतराक्षित (Santarakshita) लाई नालान्दाबाट बोलाए । जब उनले उच्च हिमालहरु पार गरे उनी ७० वर्ष भन्दा पनि बढीका वृद्ध भइसकेका थिए । उनको निर्देशनमा प्रथम बौद्ध गुम्बा साम-ये (Sam-Ye) मा निर्माण भयो र त्यो ठाउँ ल्हासाबाट दुई दिनको यात्रा गरी पुग्न सकिन्थ्यो तथा यो ठाउँ छ्याङ-पो (Tsang-po) नदीबाट त्यति टाढा थिएन । सो 'बिहार' आधुनिक विहार सरीफको पटना जिल्लाको उद्दन्तपुरीमा अवस्थित गुम्बाको नमुना अनुसार निर्माण गराइयो । केन्द्रीय विहार यसको निर्माणको प्रथम दुई वा तीन सय वर्षपछि नष्ट भयो तर फेरि त्यसको पुननिर्माण गरियो । सो साम-ये (Sam-Ye) गुम्बा हालसम्म पनि उस्तै छ । श्रलिङ्कामा जस्तै तिब्बतमा पनि ती भारतीय बौद्ध भिक्षुहरु सामान्य रुपले निर्माण गरिएका विहार तथा मन्दिरहरु र बुद्ध धर्मको प्रचारबाट सन्तुष्ट भएनन् । उनीहरुलाई राम्रोसँग थाहा थियो कि बौद्ध धर्म तबसम्म राम्ररी स्थापित हुनसक्दैन जबसम्म सङ्घ (चर्च) मा तिब्बतका सन्तानहरु बस्दैनन् । यस उद्देश्यका लागि आचार्य सन्तराक्षितले भारतबाट १२ जना भिक्षुहरुलाई बोलाए जसले प्रथम सात जना तिब्बती भिक्षुहरुलाई दिक्षा दिए- १. जननेन्द्र २. पाल-व्यान्गस ३. शैलेन्द्र रक्षित ४. ऋन-छेन-मोहोग ५. क्लुइ-बाङ-पो ६. देवेन्द्र रक्षित र ७. वैखोचन रक्षित ।

आचार्यले बाँकी जीवन तिब्बतमा नै बिताए र सय वर्षको उमेरमा उनको मृत्यु भयो । उनको पार्थिव शरीरलाई नजिकैको डाँडामा समाधिस्थ गरियो । सन् १९२९ मा लेखकको यात्राको समयमा आचार्यका खप्पर र अन्य अस्तु-धातुहरु सिसाको बाकसमा राखिएको पाइयो । सो स्तुपा समयको क्रममा भत्कियो र बाँकी अवशेषहरु यसरी नै समाधिस्थ गरियो । आचार्य सानतरक्षित एकजना सबैभन्दा महान भारतीय बौद्ध विद्वान व्यक्तित्व थियो । उनको महा ज्ञानी विद्वतताबाट उनको स्मृति स्तम्भलाई कार्य तात्तभ संग्रहले प्रस्ट गर्छ । तात्तभ संस्कृतबाट आएको हो र यो भारतमा प्रकाशित गरियो । तिब्बतमा सन्तराक्षितलाई म्खन-छेर (महापण्डित) बोधितत्वको रुपमा चिनिन्छ ।

सन् ७८० मा आफ्नो प्रख्यात पिताको मृत्यु पछि मु-ने चन्पो (Mu-Ne Chanpa) गद्दीका उत्तराधिकारी भए । उनी आफ्नो परिवारको वातावरण र शिक्षक आचार्य बोधिसत्वको कार्यबाट अति नै प्रभावित भए । उनी आफ्नो जीवनमा बोधिसत्वको सद्गुणहरूको अनुसरण

गर्ने कार्यमा निपुण भए । यस विचारको अनुसरण गर्दै उनी जस्तोसुकै कष्ट सहन पनि तयार भए र यस असल उद्देश्यलाई विचारमा राखेर उनले जनताका मनका पीरहरु मात्र हटाएनन्, आर्थिक समस्याहरुको पनि समाधान गरे । उनी यो निष्कर्षमा पुगे कि मानवको दु:ख तबसम्म समाप्त हुँदैन जबसम्म आर्थिक समानता मानव जीवनमा लागू हुँदैन । तिब्बती साम्राज्य अझै पनि सम्पूर्ण हिमाली क्षेत्र, तिब्बत, सिन्कीयाङ र चीनका केही भाग गाभिएर विस्तृत रहेको थियो । उनले आफ्नो राज्यमा धनको समान वितरण गर्ने आदेश दिएको थियो - सायद तिब्बतमा उचित धनको समान वितरण गरिएको थियो । तर त्यो लामो समयसम्म टिकेन किनभने सर्वसाधारणलाई धन बाँडिएको थिएन । उनले तेस्रो पटक प्रयास गरे । यसबाट भद्र र धनी मानिसहरु उनका शत्रु भए र आफ्नै माताको हातबाट विषपानद्वारा उनको मृत्यु भयो । यसरी उनले १७ वर्षसम्म शासन गरी शहादत प्राप्त गरे । तर त्यसबेला उनको मृत्युको कुनै खास प्रभाव परेन । तर शासक (मू-ने) पूर्ण रुपमा सन्तुष्ट थिए कि उनको जीवनकालमा बोधिसत्वका कथाहरुको अनुसरण गर्नसके । अहिले तिब्बत यस्तै मार्गलाई पछ्याउँदै छ जसका लागि मु-ने छ्याङपो (Mu-ne Tsapo) ले आफ्नो जीवन बलिदान गरे । आजको तिब्बतले यस्ता महान र असल हृदयीप्रति गर्व गर्नु स्वाभाविक हो ।

**अनुवाद कार्य** (Transletion Works)

भारतबाहिर तिब्बती भाषामा धेरै सङ्ख्यामा ( ४५६८) किताबहरु अनुवाद भएका छन् । यिनको दुईवटा सङ्कलनहरु छन् - १. कान-जुर (Kan-Jur) जसमा बुद्धप्रति समर्पित सम्पूर्ण कार्यहरु अनुवाद गरिएका छन् र २. टान-जुर (Ta-jur) जसमा २१२ वटा ठूला ग्रन्थहरु सङ्ग्रहित छन् यिनमा बौद्ध धर्मप्रति गरिएका टिप्पणीहरु तथा तर्कशास्त्र, दर्शनशास्त्र, औषधि विज्ञान, आलंकारिक काव्य आदि विषयमा लेखिएका स्वतन्त्र ग्रन्थहरु अनुवाद गरिएको छ । यदि ३२ स्तरको छन्दमा गणना गरिने हो भने कान्जुरमा ८२९००० स्लोकहरु तथा तान्जुरमा १५,६३,००० श्लोकहरु हुन्छन् । यी दुवै सङ्ग्रहको जम्माजम्मी स्लोकका सङ्ख्या २३,९३,००० हुन्छ ।

अनुवाद गर्ने कार्य सातौं शताब्दिको मध्यदेखि १३ औं शताब्दिको मध्यसम्म चल्यो, जब बौद्ध धर्म आफ्नै भूमिबाट झण्डै हराएको थियो । यी तिब्बती अनुवादहरु धेरै महत्त्वपूर्ण छन् र भारतीय विचार संस्कृति र साहित्यबाहेक बौद्ध धर्मको विकासको अध्ययन गर्न पनि त्यतिकै उपयोगी छन् । तिब्बती भाषामा अनुवाद गरिएका ४००० पुस्तकहरु मध्ये १०० वटा भन्दा बढी मौलिक कृतिहरु उपलब्ध छैनन् । चिनियाँ भाषामा पनि १४६७ वटा जति भारतीय कृतिहरुको अनुवाद गरिए, जुन १७,०२,००० वटा श्लोकहरु बराबर छन् । केही कृति ती दुवै भाषामा उल्था गरेका छन् ।

१३ औं शताब्दिको अन्तमा तिब्बतमा एकजना महान विद्वान बु-स्टोन (Bu-Ston) को जन्म भयो जसबाट सबै अनुवादित कार्यहरु सङ्कलन गरियो र त्यसलाई मिलाएर माथि भनिएका दुईवटा सङ्कलनहरु तयार गरिए । १३ औं शताब्दि पछि केही किताबहरु यी सङ्ग्रहरुमा थपिए । सम्पूर्ण अनुवादित कार्यहरु यसप्रकार छन् -

**क) कान-जुर** (KAN-JUR)

| विषय | ठूलाग्रन्थ | लियकहरु | स्लोकहरु |
|---|---|---|---|
| १. विनय | १३ | ४७१२ | १,००,०० |
| २. सुत्र प्रज्ञा पारमिता | २१ | ७७३६ | १,८२,००० |
| ३. वैपुल्य सुत्र | ४ | १५४८ | ३६,२०० |
| ४. रत्न-कुत | ६ | १७५७ | ३०,००० |
| ५. विविध सुत्र | ३२ | ९७४९ | २,९२,००० |
| ६. तन्त्र | २० | ६१२४ | १,४३,३०० |
| ७. निगमा तन्त्र | २ | ९५६ | २२,३०० |
| ८. काल चक्र | १ | ४६९ | ११,००० |

| | | | |
|---|---|---|---|
| ९. धर्नी सङ्ग्रह | २ | ५७२ | १३,३०० |
| जम्मा | १०१ | ३३,६७३ | ८,३०,३०० |
| **ख. लान-जुर** | | | |
| १. स्तोत्र संग्रह | १ | २५८ | ६,००० |
| २. तन्त्र महायान | ७८ | २३,२०० | ५,८०,००० |
| ३. प्रज्ञापारमिता | १६ | ४,५७६ | १,१४,४०० |
| ४. मध्यमिका | १७ | ५,४४० | १,३६,००० |
| ५. विविध सुत्र | १० | २,७९१ | ७०,००० |
| ६. विज्ञवाद | १६ | ४,२५५ | १,०६,४०० |
| ७. अभिधर्म | ११ | ६,१६९ | ७९,२०० |
| ८. विनय विविध | १७ | ५,१५९ | १,२८,९०० |
| ९. जातकहरु | ५ | १,३९४ | ३४,८०० |
| १०. कथा | २ | ३८३ | ९६०० |
| ११. प्रमाण शास्त्र | | | |
| सामान्य | २० | ६३२० | १,०८,०60 |
| १२. व्याकरण | ४ | १२८७ | ३२,२०० |
| १३. चिकित्सा | ७ | १७७१ | ४४,३०० |
| १४. रस शास्त्र | १५ | ९९ | २५०० |
| १५. सधर्म शास्त्र | ० | २७७ | ६,९०० |
| १६. विविध | ९ | ३,३११ | ८३,८०० |
| १७. सूचीपत्र | १ | ५०३ | १२,२०० |
| जम्मा | २२९ | ६४,१९३ | १५,५५,३०० |
| कान-जुरको जम्मा | १०१ | ३३,६७३ | ८,३०,३०० |
| कूल जम्मा | ३३० | ९७,८६६ | २३,८५,६०० |

स्रोङ-चोङ वंशका पहिला पाँच राजाहरुको शासन कालमा धेरै कृतिहरु अनुवाद गरियो । तथापि छैठौं राजा मु-ने-छ्याङ-पो (Mu-ne-Tsan-Po) (थि-साम-पो (Thi-Tsam-Po) जसलाई सद्नलेग्स् (Sad-nalegs) भनिन्छ र जो मु-ने-छ्याङ्-पोको उत्तराधिकारी हुन्)को पालामा अनुवादलाई क्रमबद्ध गरियो । त्यसताका (सन् ८१४ मा) सम्राटले भारतीय पण्डितहरु-जिनामित्र, सुरेन्द्र बोधी, सैलेन्द्र बोधी, दान-शिला, बोधी मित्र र तिनीहरुका अनुवादक तिब्बती विद्वान रत्न रक्षित, धर्म धानशिला ज्ञानसेना (थे-शेस स्डे), जय रक्षित, मञ्जु श्री बर्मा, रत्नेन्द्र शिलालाई भने - 'मेरो पिता महाराजको समयमा, आचार्य बोधिसत्व ज्ञानेन्द्र, ज्ञानदेव कोश, ब्राह्मण अनन्त र अन्यले अनुवाद (केही कृतिहरु) गरे तर उनीहरुले त्यस्तो भाषा अनुवादमा प्रयोग गरे । जुन यस देशका सर्वसाधारण जनताले बुझ्नेनन् । उनीहरुको कार्य लि (टरीम उपत्यका), सहोर र अन्य चिनियाँ भाषाहरुबाट पुन-अनुवाद गरिएको थियो जसमा समानार्थ शब्द प्रयोग गर्ने कुनै नियम थिएन, यसर्थ धार्मिक कृतिहरु बुझ्न कठिन भयो । यसकारण तिमीहरुले संस्कृतबाट सिधै अनुवाद गर्नुपर्छ र समानार्थ शब्दहरुको सूची बनाउनुपर्छ । अनुवादको खास नियम हुनुपर्छ जुन अतिक्रमण गरिनु उपयुक्त हुँदैन । पहिले गरिएका अनुवादहरुको पुनरावलोकन गरिनुपर्छ ।'

यसरी नवौं शताब्दिको सुरुवाट नियमित अनुवाद कार्य थालियो । समानार्थ शब्दहरु मात्र निर्धारण गरिएनन् प्रय तथा प्रत्ययहरुको समेत समकक्षी समानार्थ शब्दहरु बनाइए । धर्म-धर छोस-जीन मा अनुवाद भए, धर्म पाल छोस-स्क्योङ भयो । साढे एक शताब्दिसम्म बुद्धलाई सँग रग्यास को रुपका सर्वसाधारणले प्रयोग गरे । यसै राजाको पालामा वशु बन्धुको अभिधर्मकोष, सन्तर क्षितको मध्यमकालङ्कर, ३ धर्म किर्तिको हेतुविन्दु जस्ता महत्त्वपूर्ण कृतिहरु अनुवाद भएका थिए । यस वंशका दसौं तथा अन्तिम राजा ग्लन्दर-मा बौद्ध धर्मका शत्रुहरुको हातमा परे जसले धर्म नष्ट गर्ने कोसिस गऱ्यो । जुन धर्मले गर्दा सो त्यस वंश र देशलाई पछिल्ला दुई शताब्दिमा कला, दर्शनशास्त्र, साहित्य र धर्मले नयाँ स्वरुप दिई स्चम्काएक थिए । दार-मा ले सन् ८३९ देखि ८४२ सम्म ३ वर्ष मात्र शासन गऱ्यो । त्यो छोटो अवधिमा उनले तिब्बतबाट भिक्षुहरुलाई धपाए र गुम्बाहरु बन्द गरे, यहाँसम्म कि ल्हासाको जो-खाङ द्वार पनि बन्द गरे तथा विभिन्न ठाउँमा

लुकाइएका ग्रन्थहरु मात्र नास हुनबाट बचेका थिए ।

**बौद्ध धर्मको अस्तित्व र पुनरुत्थान** (Survival and Revival of Buddhism)

दर-मा सँगै यस महान वंशको यशको पनि अन्त्य भयो र उनको नाति दपाल्कोखा-छ्याङ ण्सन् ९०५-९२२) को समयमा साम्राज्यको पनि पतन भयो । स्थानीय शासकहरु तथा प्रमुख सरदारहरुले आ-आफ्नो स-साना सामन्त राज्यहरु खडा गरे । दर्मा-होडश्रुङ्स (सन ८४२-९०५) र दपाल-खोर-वा-चान ल्हासा वरिपरिको क्षेत्रमा मात्र शासन गर्दै थिए । उनीहरुको वंशबाट त्यस्तो सानो क्षेत्र पनि गुमाइयो जब निमा-म्गोन पश्चिम तिब्बतमा शरण लिन बाध्य भए जहाँ उनका स्वामीभक्त अनुयायीहरुको सहयोग लिइ उनले आफ्नो अधिराज्यको स्थापना गरे जसलाई नगरीज अधिराज्यो रुपमा चिनिन्थ्यो । त्यो अधिराज्य आफ्नो पुननिर्माण गर्न चाहन्थे जुन दर-माको पालामा नष्ट भएको थियो । उनीहरु आफ्नो अधिराज्य इन्दसमा वाल्तिस्थान र गढवालको वराहत (उत्तर काशी) सम्म विस्तार गर्नुका अतिरिक्त भ्रष्ट भिक्षुहरुको कारणबाट बद्नाम भएको बौद्ध धर्मलाई पुनरुत्थान गर्न चाहन्थे । निमा-म-गोनले आफ्नो राज्यलाई तीन भाग गरी तीन जना छोराहरुलाई क्रमश: दपाल कि इडे लाई लडाख, तो-शिस ल्डेलाई स्पुर्याङस र ल्डे-ग्चुगलाई बाडेर बुद्धिमतापूर्ण कार्य गरेन । गुगेका शासकले बौद्ध धर्मको पुनरुत्थान गर्ने कार्य उत्साहका साथ गरे । यस गुगे वंशका राजकुमार कुङ-इडेको छोरा केहोर-इडेले बोधिसत्वका रुपमा धर्मको प्रचार र पुनसंरचना गर्न आफ्ना सम्पूर्ण कुरा अर्पण गरे । उनी आफै भिक्षु वने र ये-शेस-होड (ज्ञान प्रभा) को नाम ग्रहण गरे । उनले २१ जना जाँगरिला युवाहरुलाई संस्कृत र बुद्धधर्म अध्ययन गर्न कास्मिर पठाए । दुर्भाग्यवश: यस समूहका १९ जना युवाहरुको मृत्यु भयो र मात्र २ जना आफूले प्राप्त गरेको तालिम अनुसार कार्य गर्नका लागि फर्के । यी दुई जना मध्ये एक जना व्यक्ति महान अनुवादक छेन-बसाङ-पो ( सन् ९५८-१०५५) थिए । उनले संस्कृतका थुप्रै महत्त्वपूर्ण कृतिहरु अनुवाद गरे । राज पुरोहित यस कार्यबाट प्रसन्न भएन । उनको विचारमा अध्ययनका लागि पठाइएका ती युवाहरु भारतको गरम हावापानीले गर्दा मरेका थिए । यसैले उनले भारतका महान विद्वानलाई आफ्नो देशमा बोलाउने विचार गरे । एक चोटी असफल भएता पनि उनले दीपंकर श्री ज्ञानलाई ल्याउन सफल भए । दीपंकर श्री ज्ञान जसलाई अतिशा (सन् ९८२-१०५४) भनेर पनि चिनिन्थ्यो, महान विहार विक्रमशिलाका प्रसिद्ध विद्वान थिए ।

राज पुरोहित (ज्ञान प्रभा) ले आफ्नो क्रियाकलापहरु पूरा भएको आफ्नो जीवनकालमा देख्न पाएनन् तथापि सन् १०४२ मा अतिशको आगमनपछि महान पुनरुत्थान सुरु भयो । जहाँ पनि र जताततै उसलाई ठूलो सम्मान दिइए तथा उसका सन्देशहरुलाई उत्साहका साथ स्वीकार गरिए । १२ वर्षसम्म उनले सबैजसो तिब्बतका क्षेत्रहरुको यात्रा गरे र ७२ वर्षको पाको उमेरमा उसको मृत्यु भयो । उनले देह त्याग गरेको स्थान ल्हासाबाट त्यति टाढा छैन । उनका अनुयायीहरुलाई कदम्वहरु भनिन्थ्यो । तिनीहरुले स्थापना गरेका उच्चस्तरीय दर्शनशास्त्र तथा तर्कशास्त्रको अध्ययन गर्न थुप्रै गुम्बाहरुका साथै ध्यानको अभ्यास गर्नका लागि थुप्रै आश्रमहरुको पनि निर्माण गरे । दुई तीन वर्षसम्म मान सरोबर प्रान्त अवस्थित थो-लिङको गुम्बामा अतिश बसे । यो गुम्बाको स्थापना राज पुरोहित ज्ञान प्रभावबाट भएको थियो र जुन हालसम्म पनि पश्चिम तिब्बतमा रहेको बौद्ध धर्म अध्ययन गर्ने धेरै महत्त्पूर्ण केन्द्र रहेको छ । यहाँ अतिशले आफ्नो प्रसिद्ध किताब बोधिपथ प्रदिप (मुक्ति मार्गको दीप) को रचना गए । सन् १०४४ मा उनी स्पुरन्गसमा बस्न गरे । यहाँ उसले आफ्ना महत्त्वपूर्ण शिष्य हवरोम स्तोन जिनकार (१००३-१००४) लाई भेटे । हवरोम स्तोन जिनकर आफ्ना शिक्षकको अन्तिम क्षणसम्म सँगै रहे । अतिशले धर्म

प्रवचन दिनुको अतिरिक्त दोभाषेहरुको सहयोगमा थुप्रै महत्त्वपूर्ण कृतिहरु अनुवाद गरे तथा अन्य धेरै महत्त्वपूर्ण कृतिहरु परिमार्जन पनि गरे ।

अतिशको आगमनपछि उनको कार्यलाई निरन्तरता दिन भारतबाट धेरै पण्डितहरु आए । तिनीहरु मध्ये वैशालीमा जन्मेका गयाधारा पनि एक थिए । उनलाई हवरोग्मीले बोलाएको थियो र जसको मृत्यु सन् १०७४ मा भयो । स्मृति ज्ञान कीर्ति एक जना महान विद्वान थिए जो अतिशभन्दा अगाडि नै तिब्बत आएका थिए । तिब्बत जाने क्रममा जब उनी नेपाल आइपुगे उनको दोभाषेको मृत्यु भयो तर उनी त्यस्तो दुर्भाग्यपूर्ण घटनाबाट हतोत्साहित भएनन । तिब्बती भाषा सिक्न आफ्नो यात्रालाई र त्यसमा प्रावीण हुन जारी नै राखे । उनी तानग (Tanag) क्षेत्रमा रहेका एकजना डुलुवाको घरेलु कामदार बनेर धेरै वर्ष बसे । अन्तमा उनलाई केही तिब्बती विद्वानहरुबाट भेटाइयो र उसको ज्ञानलाई उपयोग गरियो । स्मृति र विमुतीचन्द्र (सन् १२०४) मात्र दुईजना त्यस्ता भारतीय विद्वान थिए जसले तिब्बती भाषामा दक्षता हासिल गरे र अनुवादकहरुको सहयोग विना नै थुप्रै कृतिहरुको अनुवाद गरे ।

यस अवधिमा अनुवादक (लो-छ्याङ-बा) नगोग, प-ढशव-प ले धेरैभित्र पट्टि रहेका महत्त्वपूर्ण जस्तै: धर्मकृतिको प्रमाण वतृकाको अनुवाद गरे ।

**शाक्य गुम्बा**

यो महत्त्वपूर्ण गुम्बाले १२ औं र १३ औं शताब्दिमा बौद्ध धर्मका लागि महान सेवा गऱ्यो । यसको स्थापना एच-के-होन-डेकोन-रग्याल (H-K-hon-dkon-rgyal) ( सन् १०३४-११०२) नाम गरेका सर्दार (प्रमुख) बाट सन् १०७६ मा गरियो । उनको परिवारमा ग्रागे-इग्याल-मतशन (Grage-eguyal-mtashan) (सन् ११४७-१२१६) को जन्म भयो । उनी ठूलो विद्वान एवम् बौद्ध धर्मका उत्साही प्रेमी थिए । १२ औं शताब्दिको अन्तमा टुर्कहरुबाट भारतमा सबै बौद्ध केन्द्रहरु नष्ट गरिनुका साथै सयौंका सङ्ख्यामा भिक्षुहरुको हत्या गरिएको थियो । उनीहरुबाट नालन्दा, विक्रमसिला, जगतताला ध्वस्त गरे र विक्रमसिला विहारका प्रमख शाक्य श्रभिद्र आफ्ना नौ जना शिष्यहरु (दानशिला, संघ श्री (नेपाली), सुगत श्री, विनय श्री, विभुतीचन्द्रका साथमा नेपालमा शरण लिए । शाक्य गुम्बाका प्रमुखले उनलाई (शाक्य श्रीभद्र) उनका आफ्ना शिष्यहरुका साथ तिब्बतमा बोलाए । उनी त्यहाँ एक दशकभन्दा बढी सन् १२१३ सम बसे र त्यसपछि उनी आफ्नो मातृभूमि कश्मीर फर्के जहाँ ९८ वर्षको उमेरमा सन् १२२५ मा उनको मृत्यु भयो । उनका सबैजसो शिष्यकहरु तिब्बतमा नै रहे र उनीहरुबाट लेखिएका केही पाण्डुलिपीहरु अझैसम्म पनि शाक्य गुम्बा तथा अन्य गुम्बाहरुमा भेटिन्छन् ।

अन्तिम प्रधान धर्माध्यक्षको महान कार्यहरु मध्ये एउटा प्रमुख कार्य शाक्य गुम्बाका प्रमुखका पुत्रलाई शिक्षादिक्षा दिनु थियो जसलाई सा-शाक्य पन-चेन ( महापण्डित) को रुपमा चिनिन्थ्यो र जसको नाम आनन्द धमज (सन् १२१६-१२५१) थियो । उनी अहिलेसम्मकै महान तिब्बती विद्वान हुन् । यो उनी नै थिए जसले उनले नै पहिलो पटक मंगोलहरुको बीच बौद्ध धर्मको परिचय गराए जुन त्यहाँका जनताको राष्ट्रिय धर्म भयो । सन् १२०७ मा चंगेजको घोडचढी सेनाले सम्पूर्ण तिब्बत कब्जा गरे । यस महान विजेताको अवसान पछि उनका एकजना सैनिक प्रमुखले मध्य तिब्बतमा आक्रमण गरे र शाक्य गुम्बाहरुका ५०० जना भिक्षुहरुको हत्या गरे । यो घटनाको चार वर्ष पछि शाक्य पंचेनले उनका भतिजाहरु हफागस-पा (Hphagas-pa) र फि-धग्न (Phy-Dhagna) लाई बौद्ध धर्मको प्रचारका लागि मंगोलिया पठाए । सन् १२४६ मा मंगोल सम्राट ओगोटाइ (Ogotai) ले उनीहरुको स्वागत गरे र उनीहरुलाई आफ्नो अर्को वर्षको शिक्षकका रुपमा स्वीकार गरे ।

शाक्य पन्चेनको उत्तराधिकारी उनका भतिजा

हफागस-पा (Hphagas-pa) भए जो सन् १२५१ देखि मृत्यु पर्यन्त १२८० सम्म भिक्षु बनेका थिए । सन् १२८० मा उनको जीवन पर्यन्त नै उनी भिक्षु नै बने तथा साथै उनको सम्पूर्ण जीवन मंगोलहरुका माझमा बुद्ध धर्मको प्रचार गर्दै बित्यो । चंगेज खाँनको नाति कुब्लाई खाँन एउटा धर्मको खोजीमा थिए । संसारका सबै धर्महरु पृथ्वीको यस महान राजलाई आफ्नो आस्थामा परिणत गर्न चाहन्थे । तर मात्र हफागस-पाले यस काम गर्न सन् १२५१ मा सफल भए । जब कुब्लाइ खाँनले तिब्बत अधिराज्य आफ्नो गुरुलाई मायाको चिनोको रुपमा दिई आफ्नो गुरुप्रति आदर प्रकट गरे । यसबेलादेखि तिब्बतमा भिक्षुहरुको शासन सुरु भयो । हफागस-पाले मंगोलियन भाषाका लागि वर्णहरुको आविस्कार पनि गरे जसका केही शिलालेखहरु अझैसम्म पनि भेटिन्छन् तर यो सफल भएन । उनी सन् १२६५ सम्म चीन र मंगोलियामा बसे । सन् १२६९ मा उनले पुन: मंगोलियाको भ्रमण गरे । आफ्नो फलदायी कार्य सम्पन्न गरेपछि सन् १२०८ मा उनको देहावसान भयो । हफगस-पालाई मंगोल सम्राट स्कारमावाकी धर्मदाय (१२०४-८३) धेरै नै आदर गर्दथे । यसको कारण सम्राट मुन्खे (Munkhe) को गुरुले यस महान सिद्ध पुरषको अलौकिक शक्ति सन् १२५६ मा देखेको थियो ।

**पुनर्संरचनाको आवश्यकता** (Need for Reformation)

१३ औं शताब्दिको अन्तसम्ममा तीन प्रमुख बौद्ध धर्म सम्प्रदायहरु देखापरे । सबैभन्दा पुरानो सम्प्रदायलाई निग-मा-पा (Nig-Ma-Pa) भनिन्थ्यो, दोस्रो सम्प्रदाय के-ग्युड-पा (Kay-rgyud-pa) भनेर चिनिनेहरु आफूलाई ८४ सिद्धहरुका सच्चा अनुयायी दावी गर्दथे र तेस्रो सान-सक्य-पा (San-skya-pa) ले धेरै समयसम्म शासन गरेनन् । १४ औं शताब्दिमा अन्य दुई सम्प्रदायहरुको परस्पर विरोधी सैनिक नेताहरुले आफ्नो हात माथि पारे ।

१४ औं शताब्दिको सुरुवातसँगै तिब्बतमा राजनैतिक उठलपुठलमात्र भएन विभिन्न लडाकू सम्प्रदायबाट बौद्ध धर्मलाई भ्रष्ट पारे । वास्तवमा तिनीहरु असत्य मतको नराम्रा अभ्यासहरु गर्न एकापसमा होडबाजी गर्दै थिए । त्यहाँ सयौं जना अर्हतहरु तथा सिद्धरुका मुखण्डोधारी शिक्षकहरु थिए । अतिशका सिकाइ र 'सक्यश्री' बिर्सिए । तर यस अन्धकार र नैराश्यमा पनि त्यहाँ त्यस्ता व्यक्तिहरु पनि थिए जसले ज्ञानको बत्ती बालिराख्ने कोसिस गरे । यिनमा बु स्टोन-रिन-छेन ग्रव (सन् १२९०-१३६४) एकजना त्यस्ता व्यक्ति थिए । उनी ठूला विद्वान थिए र त्यस समयका बहुप्रतिभाशाली लेखक पनि थिए । उनीभन्दा अगाडि त्यहाँ संस्कृतबाट तिब्बतमा अनुवाद गरिएका सम्पूर्ण रचनाहरुको क्रमबद्ध गर्न र संकलन गर्ने प्रयासहरु भएका थिए । तर यसलाई पूर्ण रुप दिने कार्य बु-स्टोन (Bu-Ston) बाट भयो । ४००० भन्दा पनि बढी भारतीय पुस्तकहरु तिब्बतीमा अनुवाद गरिए । तिनीहरुमध्ये केही बुद्ध धर्मका कृतिहरु थिए र अन्यमा भारतीय विद्वानहरुबाट लेखिएका टिकाहरु तथा साहित्यिक रचनाहरुका थिए । बु-स्टोन (Bu–ston) ले बुद्ध वा बौद्ध ग्रन्थमा भेटिएका सम्पूर्ण कृतिहरुको प्रणालीबद्ध र संकलन गर्‍यो जसलाई स्कान-ग्सुर (Skan–gsur) (शब्दहरुको अनुवाद) भनिन्छ र अन्य कृतिहरुका अझ ठूला संकलनलाई स्तन-ग्युर (Sttan-gyur) (शास्त्रहरुको अनुवाद) भनिन्छ । पहिलो संकलन ३२ वटा अक्षरको श्लोक करिब दस लाख श्लोकहरु तथा दोस्रोमा साढे दुई लाख श्लोकहरु भएको कार्यबाटै यसको बु-स्टानको गहनता सम्झन सकिन्छ । पछि पनि यस विशाल संकलनमा केही कार्यहरु थपिए । बु-स्टोन संस्कृतको राम्रो विद्वान पनि थिए तर उनले धेरै नभए पनि थोरै महत्त्वपूर्ण प्रणालीबद्ध साहित्य रचनाहरु वा व्याकरणको अनुवाद गरे । उनले सन् १३२२ मा तिब्बतमा बौद्ध धर्मको इतिहास (History of Buddhism) नाम पुस्तक लेखे जुन धेरै विश्वसनीय पुस्तक हो । उनले आफ्नो जीवनको सबैजसो पूर्वाद्ध समय स-स्क्य (Sa-

Skya) गुम्बामा बिताए तर उनको जीवनको उत्तरार्द्ध श-लु (Sha-lu) को गुम्बमा बिताए जहाँ उनले सन् १३६४ मा देह त्याग गरे ।

**चोङ-खा-पा (१३५७-१४१६)** (Chong-kha-pa)

चोङ-खा-पामा तिब्बतका महानतम विद्वानहरु मध्ये एकजना अति ठूला विद्वान ब्लो-ब्साङ-ग्रग्स-पा (Blo-bsang-grags-pa) (सुमातीकिर्ती) ह्वाङ हो नदी (Hwang-Ho river) को सिमानामा रहेको आम्दो (Amdo) (तान्गुत - Tangut) प्रान्तको चोङ-खा (Chong-kha-pa) मा जन्मेका थिए । यो स्थान संस्कृतिको केन्द्रबाट टाढा रहेको सिमाना जिल्ला थियो । चोङ-खाले नयाँ बौद्ध धर्मलाई आवश्यक र नवजीवन दिने कार्यका साथै आफ्नो गृह प्रान्तलाई महान विद्वानहरुको प्रान्तको रुपमा परिवर्तन गरे । गृह प्रान्तमा १५ वर्षको उमेरमा आफ्नो अध्ययनको समाप्तिपछि उनी मध्य तिब्बतमा आए । उनले विभिन्न सम्प्रदायहरुका शिक्षकहरुसँग अध्ययन गरेको थियो । आफ्नो समय प्रचलित तान्त्रिक मतलाई उनले अस्वीकार गरेनन् । सायद उनलाई थाहा थियो कि उनीहरुको नाश गर्नु व्यर्थ थियो, त्यसको सट्टा उनले आफ्नो सम्पूर्ण शक्ति गुम्बा, महाविद्यालय, स्थापना गर्न र महान कार्यका लागि प्रतिबद्ध युवाहरुलाई तालिम दिलाउने कार्यमा लगाए । तीनवटा प्रसिद्ध गुम्बाहरु विश्वविद्यालयहरु स्थापना गर्ने आफ्ना शिष्यहरु भएकोमा उनी भाग्यशाली मानिए । त्यस्ता योग्य शिक्षकहरु हुनु भनेको उनको भाग्य थियो जसले तीनवटा प्रसिद्ध बौद्ध विश्वविद्यालयहरु डेफुङ (De-phung) ता-शि-हुन-पो (Ta-Shi-hun-po) र से-रा (se-ra) स्थापना गरे । चोङ-खा-पा (Chong-kha-pa) आफैले गान-दान (Gan-dan) को महान गुम्बा स्थापना गरे जहाँ सन् १४१६ मा उनको मृत्युपछि उनको पार्थिव शरीरलाई समाधिस्थ गरियो जुन समाधि हालसम्म पनि छ । उनका महान कार्यहरुका अतिरिक्त उनले थुप्रै किताबहरु लेखे, त्यस मध्येका केही शास्त्रीय मानिए ।

चोङ-खा-पा (Chong-kha-pa) बौद्ध चर्च (गुम्बा) को सुधार गर्न चाहन्थ्यो । उनको समयमा अतिशका अनुयायीहरु क-दम-पाहरु (ka-dam-pa) सबैभन्दा बढी शिक्षित दिक्षित भिक्षुहरु थिए । चो-खा-पा (Chong-kha-pa) ले उनीहरुको प्रशंसा गरे र उनका अनुयायीहरुलाई कहिलेकाहीं नयाँ क-दम-पाहरु भनी चिनियो तर उनको सम्प्रदायको उचित नाम गे-लुग-पा (Ge-lug-pa) हरु हो, जसको अर्थ भिक्षुहरुको नियमहरुको पालना गर्नु हो । अरु सम्प्रदायहरुभन्दा फरक किसिमले उनीहरुले रातो टोपी लगाउँथे र चोङ-खा-पाका अनुयायीहरुले पहेलो टोपी प्रयोग गर्थे, त्यसैले गे-लुङ्ग-पा (Ge-lug-pa) हरु पहेलो टोपी प्रयोग गर्ने भिक्षुहरुका रुपमा चिनिन्थ्यो । निकै छोटो समयभित्र नै ती सबै चारवटै महान गुम्बा अध्ययन संस्थाहरु सिकाइका महान केन्द्रका रुपमा विकास भए । डे-पुङ (De-pung) को छत मुनि ७००० भन्दा पनि बढी भिक्षुहरु छन् । से-रा (se-ra) मा ५०००, गान-दान (Gan-dan) र ता-शि-लुङ-पो (Ta-shi-lun-po) हरेकमा ३००० भन्दा पनि बढी भिक्षुहरु छन् । यसका साथै गुम्बाको स्थापनासँगै त्यहाँ प्रत्येक क्षेत्रका लागि दर्जनौं छात्रावासहरु पनि छन् । छात्रावासहरु तिब्बतीहरुका लागि मात्र नभइ हिमालय प्रदेशहरुबाट आएकाहरुका लागि तथा धेरै टाढा साइबेरिया (Saiberia) तथा भोल्गा (Volga) प्रदेशहरुबाट आएकाहरुका लागि समेत थिए । यी विश्वविद्यालयहरुका प्रसिद्धि चाँडै टाढा-टाढासम्म फैलियो र युवा विद्वानहरुको यी विश्वविद्यालयहरुमा भीड लाग्यो ।

एकातिर चोङ-खा-पा (Chogn-kha-pa) र उनका अनुयायीहरु बौद्ध धर्मको दर्शनशास्त्र र सिकाइका ज्योतिको प्रचार गर्न व्यस्त थिए भने अर्कोतर्फ अरु सम्प्रदायहरु र उनीहरुका संस्थापकहरु एक आपसमा झगडा गर्दै थिए र विरोधीहरुबाट स्थापित गुम्बाहरु ध्वस्त गर्दै थिए । यद्यपि पन्ध्रौं र सोन्हौं शताब्दिमा मंगोलहरुसँग महान शक्ति रहेन तर उनीहरु अझै पनि युद्धप्रिय (सामरिक)

राष्ट्र वा जातीय समुदाय थिए । शाक्य प्रधान धर्माध्यक्षबाट उनीहरुका माझमा बौद्ध धर्मको परिचय गराइयो तर मंगोल भिक्षुहरु गुल-लुग-पा (Gu-lug–pa) हरुका गुम्बाहरुबाट शिक्षित भए । यसरी उच्च एसियाका यी फिरन्ता जनताहरुमा उनीहरुको ठूलो प्रभाव रह्यो ।

**अवतारी लामाहरू** (The Incarnate Lamas)

टुल-कु (Tul-ku) वा अवतारी लामाहरु तिब्बती बौद्ध धर्मका असाधारण विशेषता हुन् । अरु बौद्ध केन्द्रहरुमा प्रधान धर्माध्यक्षको उत्तराधिकारी अवतारबाट छानिंदैनन् । तिब्बतमा सबै जसो महत्त्वपूर्ण लामाहरुका उत्तराधिकारीको रुपमा एउटा यस्तो बच्चालाई छानिन्छ जो गुम्बाको पूर्व प्रमुखका अवतारका रुप मानिन्थ्यो । यो प्रथाको सुरुवात सन् १२८४ मा भएको थियो जब एकजना प्रसिद्ध शिक्षक स्कार-मा-वाक-सी (Skar-ma-bak-si) का उत्तराधिकारी उनका शिष्य भएन तर सो शिक्षकको मृत्युको दुई वर्षपछि जन्मेका एकजना केटा उनको उत्तराधिकारी भए । सायद यस्तो प्रथा वा प्रणालीको प्रचलन उ भन्दा अगाडि नै भए तापनि यसलाई कुनै महत्त्व राखिएन । त्यस महान लामाको अवतारको स्वीकृति पछि यो चलन विस्तारै सबै चारवटै सम्प्रदायबाट स्वीकार गरियो । चोङ खा-पा (Chong Kha-pa) का उत्तराधिकारी उनकै शिष्य भए जुन चलन अझैसम्म प्रचलित छ यद्यपी उनका सबैजसो महत्त्वपूर्ण शिष्यहरु उत्तराधिकारी अवतारहरुबाट भए । वर्तमान दलाई लामा, पहिलो दलाई लामाको १४ औं अवतार हो, जो महान शिक्षकका एकजना प्रमुख शिष्य थिए ।

**भिक्षुहरूको शासन** (The Rule of Monks)

गे-लुग-पास (ge-lug-pas) को विश्वासलाई यो भनिन्छ कि करिब साढे दुई शताब्दिसम्म उनीहरुले आफ्ना सबै शक्ति शिक्षा र सम्यक (ज्योति) मा लगाए र अरु सम्प्रदायहरुसँग हतियारको होडबाजी गर्ने कार्य गरेनन् । यद्यपि उनीहरुको प्रभाव बढ्दै गए तापनि उनीहरु आफ्नो शत्ति: सरकारसँग बाँड्न चाहँदैनथे, अरु शक्तिशाली सम्प्रदायहरुले उनीहरुको काममा खासै हस्तक्षेप गरेनन् । तर सन् १६१८ मा दक्षिणी मध्य तिब्बतको शासकका सैनिकहरुले नयाँ वर्षको उत्सवमा हजारौं भिक्षुहरुको व्यापक हत्या गरे । यो समाचार मंगोलिया पुग्यो, यसले मंगोल रगतलाई क्रोधित पाऱ्यो । मंगोल सरदार गुश्री खाँन (Gushri Khan) (१५८२-१६५४) आफ्नो वीरतापूर्ण कार्यका लागि प्रसिद्ध थियो ।

स्मरणीय छ कि चौथौं दलाई लामा मंगोलहरु मध्येबाट जन्मिएका थिए । त्यसैले गे-लुग-पास (Ge-lug-pas) गुम्बा र मंगोलहरु बीच रगतको नाता थियो । यसैले गुश्री खाँन (Gushri Khan) ले भिक्षुहरुको व्यापक हत्याको बदला लिन धर्मयुद्ध छेडे । त्यो समयमा मध्य तिब्बत छ्याङ (Tsang) को शासन थियो । उनीहरुका फौजले मंगोल घोडचढी फौजलाई रोक्ने कोशिस गरे । सन् १६२० मा उनीहरुको हार भएन । अर्को वर्ष उनीहरुको शक्ति समाप्त भए । छ्यांका फौजले गे-लुग-पा (Ge-lug-pa) का भिक्षुहरुलाई सताउने छैन भन्ने शर्तमा मंगोलहरुले उनीहरुसँग सम्झौता गरेका थिए । छ्या'-पास (Tsang-pas) सँग मात्र मंगोलहरुले सामना गर्नुपरेको थिएन । अन्तमा मंगोलहरुले तिब्बतका सबै शासकहरुलाई एक-एक गरी दबाए र सन् १६४२ सम्ममा सबैजसो साना सरदारहरुबाट तिब्बत मुक्त भए । यही समयमा पाँचौं दलाई लामा महानतम गुम्बा गे-लुग-पा (Ge-lug-pa) हरुका गुम्बाका सबैभन्दा महत्त्वपूर्ण लामा (प्रमुख) बने । गुश्री खाँनले तिब्बती अधिराज्य पाँचौं दलाई लामालाई अर्पण गरे जसको नाम ब्लो-ब्सङ्ज्ञान-त्शो (Blo-bsanggyan-tsho) वा सुमती सागर थियो) । १७ औं शताब्दिको मध्येदेखि २० औं शताब्दिको मध्यसम्म तिब्बत दलाई लामाहरुबाट शासित भयो । वर्तमान दलाई लामा १४ औं दलाई लामा हुन् र दशौं शासक भिक्षु हुन् । दलाई लामाहरु महासागरमा समाप्त हुन्छन्, यसको मंगोल समअर्थी शब्द त-लाई (Talai) हो । यसरी तलाई लामा वा दलाई लामा त्यस कर्तव्यमा निर्भर रहनेको उपनाम

भयो । पाँचौं दलाई लामा आफ्नो विद्वतताका लागि पनि प्रसिद्ध थिए । उनको समयमा केही महत्त्वपूर्ण व्याकरण पुस्तकहरु जस्तै प्रक्रिया कौमुदी (Prakriya Kaumudi) (१६५८) र सारस्वत (१६६५) संस्कृतबाट तिब्बतीमा अनुवाद गरियो । सन् १६६४ मा आयुर्वेद (औषधि) का पुस्तकहरु पनि अनुवाद गरिए । यिनीहरु तिब्बतमा भारतीय कृतिहरुका अन्तिम अनुवादहरु हुन् । १८ औं शताब्दिको सुरुमा फेरि अरु शक्तिशाली सम्प्रदायहरुका सैनिक प्रमुखहरुले दलाई लामाको अधिकारलाई चुनौती दिन चाहे । पुन: मंगोल धर्मयुद्धहरु जुङ-गार (Zung-gar) को रुपमा सन् १७१७ मा तिब्बत आए र उनीहरुले शत्रुहरुका साथै उनीहरुका थुप्रै राम्रा संरचनाहरुको पनि नाश गरे । उनीहरुले धार्मिक संरचनाहरुलाई समेत छोडेनन् । सबैभन्दा पुरानो सम्प्रदाय निग-मा-पा (Nig-ma-pa) लाहो-ब्साङ (Laho-bsang) शत्रुहरुका पक्षमा लागे । यसरी उनीहरु मंगोलहरुका हातबाट प्रताविड भए । थुप्रै पुराना सुन्दर गुम्बाहरु लुटिए । सुन्दर तरिकाबाट निर्मित ढुङ्गाका पर्खालहरु उत्तरी सेनाहरुको प्रचण्ड आवेगको साक्षी भएर अझै उभिरहेका छन् ।

यद्यपि तिब्बत धार्मिक राज्य पाँचौं दलाई लामाको आगमन पछि भयो तैपनि यसले धार्मिक असहिष्णुता देखाएन । हजारौं सङ्ख्यामा मुस्लिमहरु ल्हासामा बस्छन् र केही अरु मुख्य ठाउँमा पनि उनीहरु बस्छन् । उनीहरुलाई आफ्ना धार्मिक कार्यहरु गर्न पूरा स्वतन्त्रता छ । रोमन क्याथोलिक पादरीहरु (Roman catholic monks) अर्थात् (क्यापचिन फाडरस) लाई ल्हासामा बस्न दिइयो । त्यो देशको राजधानीमा सन् १७०८ सम्म उनीहरुको समूहले काम गर्दै थियो तर निकै कठिनाइको सामना गर्दै र आफ्नै इच्छाअनुसार उनीहरुले देश छोडेकोमा जसको खास कारण थिएन ।

२० प्रतिशतभन्दा बढी भिक्षुहरु वास्तविक अध्ययन वा धार्मिक कार्यमा नलागेता पनि ती महान बौद्ध (गुम्बा) विश्वविद्यालयहरु अझैसम्म पनि सिकाइका महान अनुस्थानहरु हुन् । तर चोङ-खा-पास (Chong-kha-pas) को आज्ञा अझै पालना गरिन्छन् । यहाँका भिक्षु विद्वानहरु आफ्नो आधिपत्य भएको कुनै कुनै देशले गौरव गर्छन् । वर्तमान अखिल चीन बौद्ध संघका अध्यक्ष गे-शे-शे-राव-ग्याल-छो (Ge-she-she-rab-choo) पहिले डे-पाङ (De-pang) गुम्बाका हुनुहुन्थ्यो ।

**आधुनिक तिब्बत** (Modern Tibet)

सन् १९५० सम्म तिब्बत मध्य युगमा नै रह्यो । यसले राष्ट्रिय असाधारण शक्तिको वृद्धिको जाँच गऱ्यो तर यही समयमा यसले हाम्रा लागि सांस्कृतिक परम्परा र कलाका उद्देश्यहरु जस्ता सेवाहरु प्रदान गऱ्यो । भारत र अरु बौद्धमार्गी देशहरुले पनि, त्यो ऋण चुक्ता गर्न सक्दैनन् जुन उनीहरुले तिब्बतबाट लिएका छन् । स्वीकार गर्न मिल्ने तिब्बती हावापानीले संस्कृत पाण्डुलिपीका सयौं भोज-पत्रहरु संरक्षण गरे जुन भारतबाट सिधै तिब्बत लगिएका थिए । नार्गाजुन असंगा, वासु-बन्धु, धर्मकिर्ती जस्ता महान भारतीय विचारकहरुका धेरै मौलिक कृतिहरु हराउने थिए यदि भोज पत्रका प्रतिहरु तिब्बती गुम्बाहरुमा संरक्षित नरहेको भए । सम्पूर्ण प्राचीन गुम्बाहरुमा खोजि कार्य गरे । अरु थुप्रै मौलिक कृतिहरु निश्चित रुपमा पत्ता लगाइन सकिनेछन् । सयौं चित्रहरु, ढलौटका मूर्तिहरु र अन्य कलाका वस्तुहरु त्यहाँ अझै पनि भेटिनेछन् जुन भारतमा मुसलमानहरुको शासन भएको प्रथम दुई शताब्दिहरुमा निर्दयतापूर्वक नष्ट गरिएको थियो । महान भारतीय शिक्षकहरुका थुप्रै व्यक्तिगत सामानहरु तिब्बतमा राम्ररी संरक्षित छन् । आधुनिक तिब्बत बाहिरी विश्वलाई यी सम्पूर्ण अमूल्य सम्पदाहरुको खुलासा दिन तयार छ । तिब्बत महान आत्मविश्वासका साथ नयाँ युगमा प्रवेश गरेको छ ।

(INTELLECTUAL PERSPECTIVE OF RAHULA SANKRITYAYANA : Essays and Reminiscences

Editor - Dr. RAJENDRA RAM)

अनुवादक : श्यामहरि उलक

# बुद्धका आँखामा होली

• वसन्त महर्जन

होली पर्वको प्रचलन अत्यन्तै पुरानो मानिन्छ । बौद्ध वाङ्मयहरूमा पनि होली पर्वको उल्लेख पाइन्छ । प्राचिनकालमा पनि समाजमा होली पर्व बडो हर्षोल्लासपूर्वक मनाइने गरेको देखिन्छ । तर, यो पर्वका सम्बन्धमा स्वयम् गौतम बुद्धको धारणा भने नकारात्मक रह्यो । बुद्धले होली पर्वलाई ठाडो भाषामा 'मूर्खहरूको रमाइलो गर्ने पर्व' का रुपमा लिएका छन् ।

तत्कालीन समाजमा मान्छेहरू बुद्धलाई बडो आदरसत्कार गर्दथे होलान् भन्ने अनुमान हुन्छ तर त्यस्तो होइन । बुद्धप्रति द्वेषभाव राख्नेहरू पनि उत्तिकै हुन्थे । बुद्ध जहाँ जान्थे त्यहाँ खानेपानीको अभाव होस् भनी भएभरका इनारहरू पुर्ने उद्योगसम्म गर्थे । बुद्धको बद्नाम गर्न अनेकौं हल्ला फिजाउने, षड्यन्त्र गर्ने जमात पनि थियो । होलीका बेलामा त बुद्धलाई खुल्लमखुला नै गाली गलौज तथा नानाभाँतीका लाञ्छना पनि लगाउँथे । मान्छेहरू सात दिनसम्म आ-आफ्नो अनुहार वा पुरै शरीरमा गोबर, कालो रङ्ग, खरानी आदि दलेर छाडा तथा अश्लील गीत गाउँदै गाउँघर डुल्थे र यस्तो गरेर रमाइलो मान्थे ।

होलीका बेला समाजमा यस्तो गर्न छूट थियो र चित्त दुखाएर कसैलाई गुनासो गर्न पाइन्नथियो । परम्परादेखि चल्दै आएको भन्दै र यो पर्व यसरी नै चल्दै थियो । पर्वमा सहभागीहरू त्यस्तो व्यवहार बुद्धसँग गर्न पनि पछि पर्दैनथे । कसैले त बुद्धलाई होलीका बेला अश्लील बोलीले जिस्क्याउनेमात्र होइन, हठात् रङ्ग पनि हालिदिन्थे । यो घटनाले गर्दा बुद्धका उपासकहरूलाई सार्है नै असजिलो भएर ती दिनहरूमा बुद्ध र भिक्षुहरूलाई भिक्षाटनका लागि बाहिर आउन नपर्ने गरी हप्तादिनसम्म विहारमा नै भोजनको बन्दोबस्त गरिदिने गरेका थिए ।

बुद्ध र बुद्धका शिष्यहरू बढीभन्दा बढी धर्म अभ्यासमा जोड दिन्थे । अध्ययन र ध्यानमा नै तिनीहरूको समय बित्थ्यो । कसैको आवश्यक पर्दा सहयोग गर्दिने, धार्मिक कथा सुनाउने र अरु बेला अध्ययन र ध्यानमा समय लगाउँथे । गृहस्थहरूलाई पनि दैनिक जीवनका लागि आवश्यक काम गर्न र शीलमा बस्न उपदेश दिइएको हुन्थ्यो । बौद्ध समाजमा हाँसखेल तथा मोजमस्तीबाट जीवनलाई टाढा राख्न आदर्श जीवन मान्ने गरिन्छ । यस्तो समाजमा होली पर्वको कुनै अर्थ हुने त कुरै भएन ।

होली पर्वका नाममा जथाभावी खेल्ने चलन आजभोलि पनि पाइन्छ । यो खेल आपसी सद्भावका लागि खेल्ने भनिए पनि यसैका कारण झैझगडा हुने गरेका घटना बग्रेल्ती पाइन्छ । समाजमा होलीका नाममा नराम्रा घटना नहुन् भनी सुरक्षा निकायले प्रत्येक साल सतर्क गराउँदै आउनुपरेको छ । यस्तो अवस्थामा बुद्धलाई आफ्नो आदर्श मान्ने वा बुद्धको प्रशंसा गर्नेहरूले होलीका सम्बन्धमा स्वयम् बुद्धले के भनेका छन् भन्ने कुरा मनन गर्नु नितान्त आवश्यक छ । होली पर्व सकिएपछि बौद्ध उपासक उपासिकाहरू बुद्धलाई भन्थे, 'होलीका कारण घरबाहिर निस्कन पनि सकेनौं, घरमा नै बस्नुपर्दा जीवन कष्टकर भयो ।' अनि बुद्ध पनि तिनीहरूसँग भन्थे, 'मूर्ख र अशिक्षितहरूको संस्कृति भनेको यस्तै हुन्छ ।'

*साभार : अन्नपूर्ण शैली, २४ फागुन २०६८*

# बुद्धं धया विज्यात

च्वमी - चन्द्रबहादुर उलक

बुद्धं भ्मीत धया विज्यात-
असत्य गवलें खँ ल्हाय्‌मते !
सत्य खँ ल्हाना सुयागुं ज्यान वनिगु जुसा
असत्य गवले खँ त्वतेमते !

ग्वीगुम्ह स्याना छम्ह जक म्वाकेगु
हिंसा खः न्हाँ समाजया
छम्ह जक स्याना ग्वीगुम्ह म्वाकेगु
हिंसा मखु न्हाँ समाजया ।

कर्पिनिगु वस्तु खुयेमते गवलें,
भज्यंक मति स्यंकेमते !
शोषण याना मुंकगु धन
संरक्षण गवलें यायेमते !

वसपोल बुद्धं धया विज्यात -
कट्टर गवलें जुयेमते !
ई स्वया भ्मीपिं न्हयावने मागु
मध्यमार्गी लँपु त्वतेमते !

बौद्ध दर्शन अध्ययन समाजद्वारा प्रकाशित

# अर्हत

साहित्यिक पत्रिकाको
निरन्तर प्रकाशनको निम्ति
हार्दिक शुभकामना व्यक्त गर्दछ ।

## भक्तपुर इँटा उद्योग व्यवसायी संघ

भक्तपुर, फोन : ०१-६६१९९७०